# कुसुन्डा समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन- २०८३

राष्ट्रिय मानव अधिकार आयोग
पुल्चोक, ललितपुर, नेपाल

# कुसुन्डा समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन

## २०८३

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, पुल्चोक, ललितपुर

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

मा. तपबहादुर मगर

**सदस्यहरू**

मा. मिहिर ठाकुर

मा. मनोज दुवाडी

मा. डा. लिली थापा

**सचिव**

श्री मुरारिप्रसाद खरेल

**लेखन तथा सङ्कलन**

सुमित्रादेवी राई-मानव अधिकार अधिकृत

किरणकुमार बराम-मानव अधिकार अधिकृत

उदयराज आले- विषय विज्ञ

**प्रकाशक**

राष्ट्रिय मानव अधिकार आयोग,

हरिहरभवन, पुल्चोक, ललितपुर, नेपाल।

पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल।

**सहकार्य**

सोसेक नेपाल ।

जेठ २०८३

**संस्करण**: प्रथम (प्रतिः ५००)

**प्रकाशन नं.** ३२१ (केन्द्रीय कार्यालय)

**मुद्रणः** स्मृति प्रिन्टिङ्ग प्रेश प्रा.लि. कमलादी, काठमाडौं।

**सर्वाधिकारः राष्ट्रिय मानव अधिकार आयोग**

आयोगको पूर्व स्वीकृतिविना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिनेछ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

नेपाल बहुजातीय र बहुसाँस्कृतिक समाज भएको देश हो ।नेपालका विभिन्न जिल्लामा परम्परागत जीवनशैलीका आदिवासी जनजातिहरु रहेका छन ।आयोगले नेपालमा रहेका सीमान्तकृत तथा लोपोन्मुख जातिहरुको मानव अधिकार अवस्थाको अध्ययन गर्दै आएको छ ।नेपालको संविधानको धारा २४९ को कार्यादेश बमोजिम मानव अधिकारको सम्मान संरक्षण संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता गर्नु राष्ट्रिय मानव अधिकार आयोगको दायित्व हो। राष्ट्रिय मानव अधिकार आयोग ऐन,२०६८ मा मानव अधिकारसम्बन्धी प्रचलित कानूनको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने कार्यादेश समेत आयोगलाई रहेको छ । सिफारिसलाई प्रभावकारी ढङ्गबाट लागु गर्ने नेपाल सरकारको दायित्व रहेको छ, सरकारको यो दायित्व राष्ट्रिय एवम् अन्तराष्ट्रिय कानून अन्तर्गत पर्दछ।यसै सन्दर्भमा अल्पसङ्ख्यक तथा लोपोन्मुख कुसुन्डा समुदायको मानव अधिकार अवस्थाको सम्बन्धमा आयोगबाट अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ।

२०७८ सालको जनगणना अनुसार कुसुन्डा समुदायको कुल जनसङ्ख्या २५३ जना रहेको छ, जसमा ११५ पुरुष र १३८ महिला रहेको देखिन्छ। लुम्बिनी प्रदेशको दाङ र प्यूठान, गण्डकी प्रदेशको तनहुँ र गोरखा तथा कर्णाली प्रदेशको सुर्खेत जिल्लामा बसोबास रहेका कुसुन्डा समुदायको प्राकृतिक स्रोतमा आधारित जीवनशैली रहेको पाइएता पनि पछिल्लो समयमा कृषिमा आधारित भएको पाइन्छ।घुमन्ते जीवन बिताउँदासम्म कुसुन्डा समुदायका मानिसहरु परम्परागत मुखिया पद्धतिमा आधारित स्वशासन प्रथाको अभ्यास गर्दथे।वनमा शिकार गर्नु र कन्दमूल खोज्नु नै यिनीहरूको जीविकाका मूल आधार हो।अध्ययनको क्रममा प्राप्त जानकारी अनुसार पहिले-पहिले कुसुन्डा समुदायका मानिसहरू धनुषकाँड चलाउनमा निपूँण हुने, कृषि र पशुपालन नगर्ने, तरुल, गिट्ठा-भ्याकुर, सागपात, च्याउको खोजी गर्ने र कालिज र गोहोराको शिकार गर्ने गरेको देखिन्छ भने हाल उनीहरु स्थायी रुपमा बसोबास गर्न थालेको अवस्था छ ।यसैगरी उनीहरु कृषि तथा पशुपालनमा संलग्न हुनुका साथै भारतलगायत अन्य खाडी मुलुकमा समेत वैदेशिक रोजगारीका लागि समेत जाने गरेको पाइन्छ। वर्तमान समयमा कुसुन्डा समुदायका बालबालिकाहरु विद्यालय पढ्न जानुले शिक्षामा उनीहरुको पहुँच बढ्दै गएको देखिन्छ।

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस न. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

नेपालको संविधानको धारा ५१ को (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति रहेको छ ।(ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति रहेको छ ।

आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने राज्यको नीति रहेको सन्दर्भमा सरोकारवाला समुदायहरुलाई सो नीति अनुसार लाभान्वित गराउनु राज्यको दायित्व हो।

अन्त्यमा, नेपालमा बसोबास गर्ने लोपोन्मुख तथा अल्पसङ्ख्यक जनजाती कुसुन्डा समुदायको मानव अधिकार अवस्था अध्ययनका लागि सहयोग गर्ने तीनै तहका सरकारी निकाय, जनप्रतिनीधि, अधिकारकर्मी, पत्रकार र नागरिक समाजप्रति राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट आभार प्रकट गर्दछु ।यसैगरी व्यवस्थापकीय सहयोगका लागि आयोगका सचिव मुरारिप्रसाद खरेल, प्रतिवेदनको सम्पादनका लागि संवर्धन विभाग प्रमुख सहसचिव नवराज सापकोटा, सामुहिक अधिकार महाशाखा प्रमुख उपसचिव लोकनाथ बास्तोलालाई धन्यवाद दिन्छु ।त्यसैगरी र प्रदेश कार्यालयका प्रमुख तथा कर्मचारीहरु र यस अध्ययनका लागि सहकार्य गरी आर्थिक तथा अन्य सहयोग गर्ने सोसेक नेपालका हिरासिंह थापा लगायत अन्य कर्मचारीहरु,अध्ययन तथा प्रतिवेदन लेखनमा संलग्न मानव अधिकार अधिकृतद्वय सुमित्रा देवी राई, किरण कुमार बराम र विषय विज्ञ उदयराज आलेलाई पनि धन्यवाद छ।यस अध्ययनले कुसुन्डा समुदायको मानव अधिकार अवस्थालाई सुधार गरी मानव अधिकारको संरक्षण र संवर्धनमा सहयोग पुर्‍याउनेछ भन्ने विश्वास लिएको छु ।

(मनोज दुवाडी)
सदस्य

# राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## भूमिका

मानव अधिकारको सम्मान, संरक्षण, परिपालना तथा संवर्धनको अवस्था अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्न आयोगको संवैधानिक कार्यादेश रहेको छ। आयोगले मानव अधिकारका विविध विषयहरुमा विषयगत अध्ययन तथा अनुगमन गरी मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यसै सन्दर्भमा कुसुन्डा समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन, २०८२ तयार गरी प्रकाशन गर्न लागिएको हो ।

अध्ययनका क्रममा राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा अहिले २५३ जना कुसुन्डाहरु रहेको देखिएको छ । कुसुन्डा समुदाय नेपालका दाङ र प्यूठान, गण्डकी प्रदेशको तनहुँ र गोरखा तथा सुर्खेत जिल्लामा छरिएर रहेको पाइएको छ। अध्ययनको क्रममा शुरुवाती समयमा कुसुन्डा समुदायका मानिसहरू धनुषकाँड चलाउने, तरुल, गिट्टा-भ्याकुर, सागपात, च्याउको खोजी गर्ने र कालिज र गोहोराको शिकार गर्ने गरेको पाइन्थ्यो भने विस्तारै आधुनिक विकाससंगै कुसुन्डा समुदाय स्थायी रूपमा बसोबास गर्न थालेको र कृषि, पशुपालन तथा वैदेशिक रोजगारतर्फ जाने गरेको पाइएको छ। सामाजिक, आर्थिक तथा विकास प्रक्रियामा आएको परिवर्तनका कारण कुसुन्डा समुदायको परम्परागत जीवनशैलीमा उल्लेखनीय परिवर्तन आएको देखिन्छ। यद्धपि उनीहरूको आवास तथा भूमि स्वामित्व, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवामा पर्याप्त पहुँचको अभाव देखिएको छ। यसका साथै कुसुन्डा समुदायको भाषा, संस्कृति तथा परम्परागत ज्ञान प्रणाली लोप हुने जोखिमसमेत बढ्दै गएको देखिन्छ। कुसुन्डा समुदाय र उनिहरुको भाषा घट्दै जाँदा यसको संरक्षण र पुस्तान्तरणमा पनि गम्भीर चुनौती देखिन्छ। तसर्थ सरकारले कुसुन्डा समुदायको मानव अधिकार संरक्षण हुने गरि निती तथा कार्यक्रम र बजेट व्यवस्थापन गर्नुपर्ने आवश्यक्ता देखिन्छ ।

अन्त्यमा, यस महत्वपूर्ण अध्ययनका लागि सहयोग तथा सहकार्य गर्नुहुने सम्बन्धित सरकारी निकाय, अधिकारकर्मी, पत्रकार र नागरिक समाज सबैप्रति राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । यस प्रतिवेदन सम्पादन गर्नुहुने सहसचिव, नवराज सापकोटा तथा उपसचिव, लोकनाथ वास्तोला र प्रतिवेदन लेखन कार्यमा संलग्न मानव अधिकार अधिकृतहरु सुमित्रा देवी राई र किरण कुमार बराम र विषय विज्ञ उदयराज आलेलाई विशेष धन्यवाद दिन चाहान्छु। यस अध्ययनका लागि सहकार्य गरी आर्थिक तथा अन्य सहयोग गर्ने सोसेक नेपालका हिरासिंह थापा लगायत उहाँको टिमप्रति आयोगका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु। आयोगले गरेको यस अध्ययन मार्फत नेपाल सरकारलाई गरेको सिफारिसहरु कार्यान्वयनमा पूर्ण प्रतिवद्ध हुने विस्वास लिएको छु । धन्यवाद।

(मुरारिप्रसाद खरेल)

सचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५

https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

# कार्यकारी सारांश

नेपालको संविधानको धारा २४९ को कार्यादेश बमोजिम मानव अधिकारको सम्मान संरक्षण संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक दायित्व हो। यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले कुसुन्डा समुदायको मानव अधिकार अवस्थाको वास्तविक अवस्था पत्ता लगाइ कार्यान्वयन योग्य सिफारिस गर्नको लागि यो अध्ययन गरेको हो। अध्ययनका क्रममा कुसुन्डा समुदायको बसोबास भएका विभिन्न जिल्लाहरूमा स्थलगत अध्ययन अवलोकन, अन्तर्वार्ता, समुदायस्तरीय छलफल तथा द्वितिय स्रोतहरूको अध्ययनमार्फत तथ्य तथ्याङ्कको सङ्कलन गरिएको थियो।

नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसाँस्कृतिक विशेषता भएको राष्ट्र हो। यस्तो विविधताभित्र कुसुन्डा समुदाय नेपालको थोरै संख्यामा भएको लोपोन्मुख तथा विशिष्ट पहिचान भएको आदिवासी जनजाति समुदायको रूपमा चिनिन्छ। ऐतिहासिक रूपमा कुसुन्डा समुदाय वन तथा प्राकृतिक स्रोतमा निर्भर रहेर घुमन्ते जीवनशैली अपनाएर जीवनयापन गर्दै आएको पाइन्थ्यो। उनीहरूको बसोबास, खाद्य स्रोत तथा सांस्कृतिक जीवनको मुख्य आधार वनलाई मानिन्थ्यो। हाल सामाजिक,आर्थिक तथा विकास प्रक्रियामा आएको परिवर्तनका कारण कुसुन्डा समुदायको परम्परागत जीवनशैलीमा उल्लेखनीय परिवर्तन आएको छ। उनीहरू स्थायी बसोबासतर्फ उन्मुख भए पनि भूमि स्वामित्व, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवामा पर्याप्त पहुँचको अभाव देखिएको छ। यसका साथै कुसुन्डा समुदायको भाषा, संस्कृति तथा परम्परागत ज्ञान प्रणाली लोप हुने जोखिमसमेत बढ्दै गएको छ।

नेपालमा मुख्यतः४ वटा भाषा परिवारका १२४ भन्दा बढी भाषाहरू(जनगणना २०७८अनुसार) बोलिन्छन्, जसमा चिनियाँ-तिब्बती र भारोपेली परिवारका भाषाहरूको संख्या सबैभन्दा बढी छ। यिनीहरूमा भारोपेली, चिनियाँ-तिब्बती, आग्नेली

र द्रविडेली भाषा परिवारहरू पर्दछन्। कुसुण्डा भाषा भने नेपालको एक अद्वितीय र लोपोन्मुख भाषा हो, जसलाई कुनै पनि स्थापित भाषिक परिवारमा नपर्ने **(Language Isolate)** मानिन्छ। यसको प्रयोग गर्ने व्यक्तिहरू अत्यन्तै सीमित सङ्ख्यामा रहेका छन्। भाषाको प्रयोग घट्दै जाँदा यसको संरक्षण र पुस्तान्तरणमा गम्भीर चुनौती देखिएको छ।

अध्ययनका क्रममा प्राप्त तथ्यअनुसार कुसुन्डा समुदायको मानव अधिकार अवस्थासम्बन्धी विभिन्न महत्वपूर्ण तथ्यहरू प्राप्त गरेको छ। यस अध्ययनअनुसार कुसुन्डा समुदाय अत्यन्त न्यून जनसंख्या भएको लोपोन्मुख आदिवासी समूहका रूपमा रहेको छ र यसको वास्तविक जनसंख्या तथा अवस्थाबारे अझै स्पष्टता अभाव देखिन्छ। समुदायले पहिचानको अधिकार उपभोगमा कठिनाइ भोगिरहेको, परम्परागत भूमि स्वामित्वबाट वञ्चित भई अधिकांश ऐलानी वा वन क्षेत्रमा बसोबास गरिरहेको, सीमित रोजगारीका अवसरका कारण आर्थिक रूपमा कमजोर रहेको तथा शिक्षा र स्वास्थ्य सेवामा पहुँच पनि सीमित रहेको तथ्य उजागर भएको छ। साथै, महिला सशक्तीकरणको अवस्था कमजोर रहेको देखिन्छ। उनीहरूलाई आधारभूत सेवाहरूमा पर्याप्त पहुँच प्राप्त गर्न कठिनाइ भइरहेको देखिएको छ। यसरी सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था कमजोर हुँदा कुसुन्डा समुदायको मानव अधिकार अवस्था अझै चुनौतीपूर्ण रहेको देखिन्छ।

कुसुन्डा समुदायको मानव अधिकार संरक्षण तथा प्रवर्धनका लागि नेपालको संविधानले आदिवासी जनजातिको पहिचान, भाषा, संस्कृति तथा परम्परागत ज्ञानको संरक्षण गर्ने अधिकारलाई मान्यता दिएको छ। साथै समानता, सामाजिक न्याय, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सांस्कृतिक अधिकारसम्बन्धी मौलिक अधिकारहरूको सुनिश्चितता गरेको छ।

अन्तर्राष्ट्रिय स्तरमा पनि आदिवासी जनजातिको अधिकार संरक्षणका लागि विभिन्न कानुनी दस्तावेजहरू रहेका छन्। विशेषगरी आदिवासी तथा जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि(ILO Convention No.169), आदिवासी

जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र(UNDRIP, 2007), नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि(ICCPR) तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICESCR) जस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरूमा आदिवासी समुदायहरूको पहिचान, भूमि अधिकार, सांस्कृतिक संरक्षण, आत्मनिर्णयको अधिकार तथा विकास प्रक्रियामा अर्थपूर्ण सहभागितालाई मान्यता दिएको पाइन्छ।

समग्र रूपमा यस अध्ययनले कुसुन्डा समुदायको मानव अधिकार संरक्षण, सांस्कृतिक पहिचानको संरक्षण तथा दिगो विकास सुनिश्चित गर्न राज्यका तीनै तहका सरकार, नागरिक समाज तथा सम्बन्धित निकायहरूबीच समन्वय गर्दै लक्षित कार्यक्रम आवश्यक रहेको देखिन्छ। विशेषगरी भूमि अधिकारको सुनिश्चितता, भाषा तथा संस्कृति संरक्षण कार्यक्रम, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच विस्तार, रोजगारी तथा सीप विकास कार्यक्रम तथा विकास प्रक्रियामा समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु आवश्यक देखिएको छ।

यस अध्ययनले कुसुन्डा समुदायको मानव अधिकार अवस्था सुधारका लागि नीतिगत सुधार, लक्षित कार्यक्रम तथा प्रभावकारी कार्यान्वयनको आवश्यकता औंल्याएको छ। साथै लोपोन्मुख आदिवासी जनजाति समुदायहरूको पहिचान, भाषा तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्दै समावेशी तथा न्यायपूर्ण विकास सुनिश्चित गर्न राज्य तथा सरोकारवाला निकायहरूले पहल गर्नुपर्ने आवश्यकता स्पष्ट रूपमा देखिएको छ।

# विषयसूचि

अध्याय एक ....................................................................................1

पृष्ठभूमि..........................................................................................१

१.१.अध्ययनको  परिचय ......................................................................१

१.२. समस्याको कथन............................................................................४

१.३. अध्ययनको उद्देश्य...........................................................................५

१.४ .अध्ययनको महत्व ..........................................................................६

१.५. अध्ययन विधि................................................................................७

१.५.१.प्राथमिक सूचना सङ्कलन.........................................................७

१.५.२. द्वितीय सूचना सङ्कलन...........................................................९

१.५.३. मूल्य मान्यताको सम्मान...........................................................९

१.६. अध्ययनको सीमा ....................................................................... १०

अध्याय दुई...................................................................................... ११

साहित्य समीक्षा................................................................................ ११

२.१.साहित्य समीक्षा............................................................................ ११

अध्याय तीन .................................................................................... १८

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड.............................................................. १८

३.१. राष्ट्रिय मापदण्ड ............................................................................ १८

३.१.१. नेपालको संविधान........................................................................१८

३.१.२ .आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८..........२०

३.१.४. आदिवासी जनजाति आयोग ऐन, २०७४ ........ २२

३.१.५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ........ २२

३.१.६. आवासको अधिकारसम्बन्धी ऐन, २०७५ ........ २३

३.१.७. सामाजिक सुरक्षा ऐन, २०७५ ........ २३

३.१.८. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ........ २३

३.२. अन्तर्राष्ट्रिय मापदण्ड ........ २४

३.२.१ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,१९६६ ........ २४

३.२.२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ........ २५

३.२.३.महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ ........ २६

३.२.४.बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ ........ २७

३.२.५.आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि ,१९८९ (नं.१६९ ) ........ २७

३.२.६.जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ ........ २९

३.२.७.आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७ ........ ३०

३.३. विश्वव्यापी आवधिक समिक्षा ........ ३२

३.४. दिगो विकासका लक्ष्य ........ ३३

आयोगबाट भएका पहलहरु ........ ३५

४.१.आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ सम्बन्धमा............... ३५
४.२. घुमन्ते फिरन्ते राउटे समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन ........................................................... ३६
४.३. चेपाङ समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन........... ३७
अध्याय पाँच........................................................................ ३८
अध्ययनबाट प्राप्त तथ्य, जानकारी र विश्लेषण.................................. ३८
५.१. कुसुन्डा जातिको जनसाङ्ख्यक अवस्था....................................... ३८
५.२. पहिचानको अधिकार.......................................................... ४२
५.३. भूमि अधिकार.................................................................. ४५
५.४. महिला अधिकार ............................................................... ४९
५.५. रोजगारीको अधिकार ......................................................... ५०
५.६. शिक्षाको अधिकार ............................................................. ५२
५.७. भाषाको अधिकार.............................................................. ५५
५.८. साँस्कृतिक अधिकार........................................................... ६२
५.९.खाद्य तथा पोषण अधिकार .................................................. ६४
५.१०.सहभागिताको अधिकार ...................................................... ६८
५.११. प्राकृतिक स्रोतमा पहुँच....................................................... ६९
५.१२. स्वास्थ्य तथा सरसफाइको अधिकार........................................ ७१
५.१३. आवासको अधिकार............................................................. ७२
५.१४. लोपोन्मुख कुसुन्डाको बसोबासको क्षेत्र...................................... ७३

५.१५.कुसुन्डाको रहनसहन तथा बाह्य प्रभाव....................................... ७७

निष्कर्ष र सिफारिस............................................................. ८२

६.१. निष्कर्ष.................................................................. ८२

६.२. सिफारिस ................................................................ ८६

अनुसूची ..................................................................... ९०

अनुसूची १ अध्ययन टोली ....................................................... ९०

अनुसूची २ तस्विरहरुः........................................................... ९०

सन्दर्भ सामग्री ................................................................ ९२

# अध्याय एक
# पृष्ठभूमि

## १.१.अध्ययनको परिचय

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा १४२ जातजाति र १२४ मातृभाषाहरू रहेका छन्। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन,२०५८ को अनुसूचीमा सूचिकृत ६०[1]आदिवासी जनजातिमा कुसुण्डा समुदाय पनि सूचिकृत रहेको छ। नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये कुसुन्डा समुदाय लोपोन्मुख आदिवासी जनजाति तथा अल्पसङ्ख्यक समूहमा समेत सूचिकृत छ। कुसुन्डाहरू आफूलाई वनराजा भन्दछन्। यो समुदाय अहिले लोपोन्मुख अवस्थामा रहेको छ। कुसुन्डा समुदायका प्रत्येक व्यक्तिलाई नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइरहेको छ।

कुसुन्डा समुदाय परम्परागत रूपमा जङ्गलमा घुमन्ते जीवन बिताउने गर्दथे। कुसुन्डा समुदायका मानिसहरू गोरखा, तनहु, कपिलवस्तु, प्युठान, रोल्पा, दाङ र सुर्खेत जिल्लामा मुख्यतया बसोबास गर्दछन्। कुसुन्डा समुदायको कुल जनसङ्ख्या ११५ पुरूष र १३८ महिला गरी जम्मा २५३ जना रहेका छन् । [2]लुम्बिनी प्रदेश, वाग्मती

---

[1] आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा २०७७ जेठ ५ गते प्रकाशित राजपत्र अनुसार थप भएको रानाथारु सहित ६० आदिवासी जनजाति ।

[2] राष्ट्रिय जनगणना, २०७८ ।

प्रदेश, कर्णाली प्रदेश र गण्डकी प्रदेशका जिल्लामा बसोबास गर्ने गरेको देखिन्छ।

घुमन्ते जीवन बिताउँदासम्म कुसुन्डा समुदायका मानिसहरू परम्परागत मुखिया पद्धतिमा आधारित स्वशासन प्रथा अभ्यास गर्दथे। यिनीहरूको समाज व्यवस्थित र सङ्गठित हुने गर्दथ्यो। यिनीहरूको समूहमा सबैलाई अनुशासन र नियन्त्रण राख्ने काम मुखिया (मुङ)को हुने गर्दथ्यो। परम्परागत रूपमा प्रथाजनित ज्ञान तथा सीपको प्रयोग गरी कालिज र गोहोरो सिकार गर्दथे। गाउँमा स्थायी रूपमा बसोबास गर्नु अघि एकै ठाउँमा नबसी विभिन्न ठाउँको वनमा बसाई सर्दथे। कुसुन्डाको दैनिकी पेटपालनसँग मात्र सम्बन्धित थियो। कुसुन्डाहरू वनमा उत्पादन हुने वन्यजन्तु तथा खाद्य स्रोतमा निर्भर हुने गर्दथे। वनमा सिकार गर्नु र कन्दमूल खोज्नु नै यिनीहरूको मुख्य पेशा थियो। कुसुन्डा समुदायका मानिसहरू धनुषकाँड चलाउनमा निपुण हुन्थे। कृषि र पशुपालन नगर्ने कुसुन्डाहरूको दिनचर्या तरूल, गिट्ठा-भ्याकुर, सागपात, च्याउको खोजी गर्ने र कालिज र गोहोराको सिकार गर्ने कार्यमा बित्ने गर्दथ्यो। खानेकुराको अभाव हुँदा गाउँमा माग्न जाने गर्दथे।

हाल कुसुन्डा समुदाय स्थायी रूपमा बसोबास गर्न थालेको अवस्था छ। कृषि तथा पशुपालनमा संलग्न हुनुका साथै भारतलगायत अन्य खाडी मुलुकमा समेत वैदेशिक रोजगारीका लागि जाने गरेको पाईन्छ। नयाँ पुस्ताका कुसुन्डा समुदायका बालबालिकाहरू विद्यालय पढ्न जाने गरेको पाइएको छ। कुसुन्डा समुदायको विभिन्न पक्षमा राष्ट्रिय अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता तथा संघसस्थाहरूले

अध्ययन अनुसन्धान गरेको पाइएको छ। यद्यपि नीतिगत क्षेत्रमा पर्याप्त अध्ययन अनुसन्धान हुन सकेको पाईँदैन। कतिपय प्रयास गरिएता पनि ठोस नीति अझैसम्म बन्न सकेको पाईँदैन। सरकारी तथा गैरसरकारी निकायको विभिन्न प्रयासका वावजुद पनि कुसुन्डा समुदायको संरक्षणमा अपेक्षित सुधार हुन सकेको देखिँदैन।

नेपालको संविधानको धारा २४९ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता गर्नु राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक कर्तव्य हो। नेपालको संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले आयोगलाई मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने, अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने कार्यादेश प्रदान गरेको छ।

आयोगको संवैधानिक तथा कानूनी दायित्व अनुरूप अल्पसङ्ख्यक तथा लोपोन्मुख आदिवासी जनजाति कुसुण्डा समुदायको मानव अधिकार अवस्था अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ। यो अध्ययन लुम्बिनी प्रदेशको दाङ र प्युठान, गण्डकी प्रदेशको तनहुँ र गोरखा तथा कर्णाली प्रदेशको सुर्खेत जिल्लामा स्थायी बसोबास गर्न थालेका कुसुन्डा समुदायमा केन्द्रित भइ गरिएको छ। सोसेक नेपालको सहकार्यमा गरिएको यस अध्ययनका लागि स्थलगत अवलोकन, सर्वेक्षण, मुख्यसूचक अन्तर्वार्ता, लक्षित समुदाय छलफल, परामर्श, अन्तर्क्रिया आदि गरिएका छन्। यस

अध्ययनमार्फत गरिएका नीतिगत सिफारिसले कुसुण्डा समुदायको मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्धन हुने विश्वास गरिएको छ।

## १.२. समस्याको कथन

कुसुन्डा समुदायको बारेमा केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता विज्ञ तथा प्राज्ञहरूले अध्ययन अनुसन्धान गरेको पाइन्छ। कुसुन्डाको विषयमा जानकारी दिने पहिलो व्यक्ति हज्सन (सन् १८४८,१८५७) हुन्। त्यसपछि ग्रियर्सन(सन् १९०९), नरहरिनाथ (सन् १९५५) र विष्ट(सन् १९७२) ले पनि कुसुन्डाको बारेमा लेखेका छन्। हेमन्तराम भण्डारी (सन् १९८७) राना (सन् २000,२००१) ह्वाइटहाउस र अन्य (सन् २००४) बन्धु (सन् २०१२) माधव प्रसाद पोखेल (सन् २०१३) ले पनि कुसुन्डाको जातीय तथा भाषिक विशेषताको चर्चा गरेका छन्।

केही दशक अघिसम्म घुमन्ते फिरन्ते जीवन बिताएका कुसुण्डाको बारेमा सरकार, गैरसरकारी संस्था, नागरिकसमाज र आम नागरिकका स्पष्ट धारणाको अभाव देखिन्छ। साथै, व्यवहारिक रूपमा कुसुण्डा समुदायमा भएको राम्रा अभ्यासहरूलाई संरक्षण तथा संवर्धन गर्नमा तत्परता देखाएको पाइँदैन। यो समुदायलाई तत्कालका लागि केही अल्पकालीन सहयोग प्राप्त गरेको देखिएपनि दीर्घकालीन योजना तथा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन भएको पाइँदैन। कुसुन्डा समुदायको भाषा सामाजिक अवस्था रहनसहन लगायतको विषयमा अध्ययन भएको भएता पनि यो समुदायको मानव अधिकार अवस्थाको सम्बन्धमा हालसम्म

अध्ययन भएको देखिँदैन। यो समुदायलाई तत्कालका लागि केही अल्पकालीन सहयोग प्राप्त गरेको देखिए पनि मानव अधिकारको दृष्टिकोणबाट दीर्घकालीन योजना तथा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन भएको पाइँदैन। तसर्थ मानव अधिकारको दृष्टिकोणबाट निम्नानुसारका विविध विषयहरूको अध्ययन गर्न आवश्यक देखिन्छ।

१. कुसुन्डा समुदायले व्यवहारिक रूपमा भोगेका समस्याहरूको अध्ययन तथा नीतिगत समस्याको पहिचान गर्नु।
२. कुसुन्डा समुदायको आफ्नै भूस्वामित्व(भूमी अधिकार) छन्/छैनन्? सामाजिक सुरक्षाका कार्यक्रम उपयोगी हुन सकेको छन्/छैनन् ? शैक्षिक अवस्था र रोजगारीमा अवसर पाएका छन्/छैनन् ?यस्ता विषयको पहिचान गर्नु।

## १.३. अध्ययनको उद्देश्य

अल्पसङ्ख्यक तथा लोपोन्मुख आदिवासी जनजाति कुसुण्डा समुदायको मानव अधिकार अवस्था पहिचान गरी कार्यान्वयनका लागि नेपाल सरकार र सरोकारवालाहरूलाई सिफारिस गर्नु मुख्य उद्देश्य हो।

- कुसुन्डा समुदायको मानव अधिकारको वर्तमान अवस्थाको यथार्थ समिक्षा गरी सो समूदायको मानव अधिकार संरक्षण, सांस्कृतिक पहिचानको जगेर्ना, तथा दिगो विकासका लागि नेपाल सरकारलाई कार्यान्वयन योग्य सिफारिसहरू गर्नु।

- कुसुन्डा समुदायको भूमि अधिकार, सामाजिक सुरक्षा, शिक्षा तथा रोजगारीमा पहुँच र अवसरहरूमा पहुँचको अवस्था अध्ययन गरी नेपाल सरकारलाई सिफारिस गर्नु।
- कुसुन्डा समुदायको समग्र मानवअधिकार अवस्थाको अध्ययन गरी उनीहरुको सम्मान संरक्षण र प्रवर्धनको लागि नेपाल सरकारलाई सिफारिस गर्नु।
- कुसुन्डा समुदायको भाषा, संस्कृति तथा परम्परागत ज्ञान प्रणालीको संरक्षण अवस्थाको अध्ययन गर्नु।

## १.४ .अध्ययनको महत्व

यस अध्ययनले नेपालमा केही दशकअघिसम्म घुमन्ते-फिरन्ते जीवन बिताएको र पृथक जीवनशैली भएको अल्पसङ्ख्यक तथा लोपोन्मुख आदिवासी जनजाति कुसुन्डा समुदायको वर्तमान अवस्था उजागर गरी सम्बन्धित नीति निर्माणका लागि मार्ग निर्देशनका रूपमा काम गर्न सक्दछ। उनीहरूका लागि संघ, प्रदेश र स्थानीय तह तथा गैरसरकारी संस्थाहरूको स्पष्ट नीति योजना तर्जुमा र कार्यक्रम कार्यान्वयनका लागि योगदानको पुग्दछ। कुसुन्डासँग भएका ज्ञान र सीपलाई अध्ययन गरी उनीहरूकै विकास तथा समाज विकासमा के भूमिका हुन सक्दछ भन्ने कुरा पनि उजागर हुन सक्दछ। समग्रमा यस अध्ययन मार्फत हुने नीतिगत सिफारिस कार्यान्वयनले अल्पसङ्ख्यक तथा लोपोन्मुख आदिवासी जनजाति कुसुन्डा समुदायको मानव अधिकार सम्मान, संरक्षण र संवर्धन गर्न सकिन्छ।

# १.५. अध्ययन विधि

## १.५.१.प्राथमिक सूचना सङ्कलन

### क. स्थलगत अध्ययन तथा अवलोकन

यस अध्ययनमा प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ। अध्ययनमा जति विषयहरू प्रस्तुत गरिएका छन्। स्थलगत अध्ययनको क्रममा प्राप्त तथ्य तथ्याङ्कलाई लिइएको छ। अध्ययन टोलीले लुम्बिनी प्रदेशको दाङ र प्युठान, गण्डकी प्रदेशको तनहुँ र गोरखा तथा कर्णाली प्रदेशको सुर्खेत जिल्लामा रहेका कुसुण्डा समुदायको घर तथा बस्ती मै पुगी स्थलगत अध्ययन अनुगमन पनि गरेको छ। जसले कुसुन्डा समुदायको मानव अधिकार अवस्थाको अध्ययन गर्न सहयोग पुगेको छ।

स्थलगत अध्ययन तथा अवलोकनबाट उनीहरूको रहनसहन, काम गराइ, चलनचल्ती तथा सांस्कृतिक प्रथाबारे जानकारी प्राप्त भएको छ। यसका साथै छलफल तथा परामर्श विधि पनि अपनाइएको छ। यो अध्ययनमा कुसुन्डाको भनाई तथा बुझाइलाई पनि आधार मानिएको छ। अध्ययनका लागि विशेषगरी प्रश्नावली, छलफल, अवलोकन जस्ता साधनहरूको प्रयोग गरी प्राप्त सूचना तथा जानकारीहरूलाई प्राथमिक श्रोतको रूपमा लिइएको छ।

### ख. प्रश्नावली सर्वेक्षण

अध्ययनका लागि विशेष गरी प्रश्नावली, व्यक्तिगत संवाद, सहभागितामूलक अवलोकन जस्ता साधनहरूको प्रयोग गरी प्राप्त

सूचना तथा जानकारीहरूलाई बुझाइको आधारमा सूचना सङ्कलन गरिएको छ। अनुसन्धानका लागि तयार गरिएका अध्ययन अनुगमन प्रश्नावलीको आधारमा सूचना सङ्कलन गरिएको छ। स्थलगत अध्ययनको क्रममा समुदायका ९० जना पुरूष र ७१ जना महिला गरी जम्मा १६१ जनाबाट जानकारी सङ्कलन गरिएको छ। यो अध्ययनमा कुसुन्डा र उनीहरूको मानव अधिकार अवस्थाको बारेमा बिस्तृत जानकारी लिन खोजिएको छ।

कुसुन्डा समुदायको रैथाने ज्ञान र सीप के हो भन्ने कुरा थाहा पाउनका लागि आदिवासी दृष्टिकोणबाट पनि कुसुन्डाको अध्ययन तथा विश्लेषण गर्ने कोशिस गरिएको छ। अध्ययनमा उनीहरूकै ज्ञान र अनुभवलाई पनि उजागर गर्ने प्रयत्न गरिएको छ। अर्कोतर्फ तथ्याङ्क सङ्कलन विधिअन्तर्गत सम्पूर्ण कुसुन्डा समुदायको जनसङ्ख्या लिनका लागि जनगणना विधि अपनाइएको छ। यो समुदायको सङ्ख्या थोरै भएकाले जनगणना विधिको प्रयोग गरिएको हो। कुसुन्डा समुदायको यो अध्ययन मूलतःगुणात्मक अध्ययन विधिमा आधारित छ तर सानो समुदाय भएकाले तथ्याङ्क पनि राखिएको छ।

## ग. मुख्यसूचक अन्तर्वार्ता

यस विधिअन्तर्गत स्थायी रूपमा बसोबास गरेका कुसुन्डाबारे जानकार व्यक्तिहरूसँग छलफल गरी सूचना तथा सुझाव सङ्कलन गरिएको छ ।

## १.५.२. द्वितीय सूचना सङ्कलन

अध्ययनलाई तथ्यपरक र विश्वसनीय बनाउनका लागि यस अघि कुसुन्डा समुदायसम्बन्धी गरिएका अध्ययनका दस्तावेजहरू, अनुसन्धानमूलक लेख, राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन, नीति, योजना तथा कार्यक्रमलगायतको समीक्षा गरिएको छ। यसअन्तर्गत सरकारी तथा गैरसरकारी विभिन्न सङ्घ संस्थाहरूले तयार पारेका दस्तावेज तथा तथ्यहरूको पनि समीक्षा गरिएको छ। विज्ञका उपयुक्त विचार तथा तथ्यहरूको सिकाइलाई यो अनुसन्धानमा समाविष्ट गरिएको छ। परिणात्मक तथा गुणात्मक दुवै पक्षको मिश्रित रूपमा अध्ययन गरिएको छ। ती सामाग्रीबाट प्राप्त सूचनालाई द्वितीय तथ्याङ्कको रूपमा अध्ययन प्रतिवेदनमा प्रयोग गरिएको छ।

## १.५.३. मूल्य मान्यताको सम्मान

आदिवासी जनजातिका कुनै पनि सवालमा अनुसन्धान गरिँदा आदिवासी समुदायको प्रथा, परम्परा र अधिकारको दृष्टिकोणबाट गरिनु आवश्यक हुन्छ। यसै अन्तर्गत आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ (आइ.एल.ओ. महासन्धि नं.१६९) अनुसार स्वतन्त्र, पूर्व सुसूचित र सहमति (Free, Prior and Informed

Consent-FPIC) लिएर आदिवासीकै मूल्य मान्यताअनुसार अनुसन्धान गर्नुपर्ने विधिको यस अध्ययनमा पनि ध्यान दिइएको छ।

## १.६. अध्ययनको सीमा

यस अध्ययनका लागि अध्ययन टोलीले कुसुन्डा समुदायको मानव अधिकारमा विविध पक्षहरूको अध्ययन गरेको छ। नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता गरेका मानव अधिकारका मापदण्डमा उनीहरूको उपभोग र पहुँचको अवस्थालाई ध्यान दिइएको छ।

अध्ययन टोलीले लुम्बिनी प्रदेशको दाङ र प्युठान, गण्डकी प्रदेशको तनहुँ र गोरखा तथा कर्णाली प्रदेशको सुर्खेत जिल्लामा रहेका कुसुण्डा समुदायको घर तथा बस्तीमै पुगी कुसुन्डा समुदायका व्यक्तिहरूसँग अन्तर्वार्ता, छलफल र परामर्श गरी सूचना सङ्कलन गरेको छ। उनीहरूकै समुदायको सहभागितामा स्वतन्त्र, पूर्वसूचित सहमति (Free, Prior and Informed Consent- FPIC) समेतको जानकारी लिइएको छ।

# अध्याय दुई
# साहित्य समीक्षा

## २.१.साहित्य समीक्षा

आदिवासी जनजातिहरू लामो समयदेखि बहिष्करण, भूमिको अतिक्रमण, र सामाजिक-राजनीतिक विभेदको सिकार हुँदै आएका छन्। तर पछिल्ला दशकहरूमा, तिनीहरूका अधिकार, सांस्कृतिक सम्पदा, र विश्वव्यापी ज्ञान प्रणालीमा उनीहरूको योगदानलाई बढ्दो मान्यता प्राप्त भएको छ। यो साहित्य समीक्षाले आदिवासी अधिकारहरूको मान्यता, सांस्कृतिक संरक्षण, वातावरणीय सक्रियता, सामाजिक-आर्थिक चुनौतीहरू, राजनीतिक प्रतिनिधित्व, र आदिवासी तथा पश्चिमी दृष्टिकोण बीचको भिन्नतालाई विद्वतापूर्ण र नीतिगत दृष्टिकोणबाट अन्वेषण गर्दछ।

ऐतिहासिक रूपमा, आदिवासी जनजातिहरूलाई राष्ट्रिय र विश्वव्यापी शासन संरचनाहरूबाट बहिष्करण गरिएको पाइन्छ। विभिन्न अन्तर्राष्ट्रिय सम्झौताहरूलेयी मुद्दाहरूलाई सम्बोधन गर्न खोजेका छन्। आदिवासीजनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले आत्मनिर्णय, भूमि अधिकार, सांस्कृतिक संरक्षण, स्वतन्त्र र पूर्व सूचित सहमतिको अधिकार आदिको सम्बोधन गरेको छ (संयुक्त राष्ट्रसङ्घ, २००७)। त्यसैगरी, अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइ.एल.ओको महासन्धि नं. १६९) १९८९ ले आदिवासी भूमिको स्वामित्व र स्वशासनलाई जोड दिन्छ। तथापि,

यस्ता संरचनाहरू हुँदाहुदै पनि राष्ट्रिय स्तरमा कार्यान्वयनमा असमानता यथावत रहेको देखिन्छ। केही देशहरूले आदिवासी स्वायत्ततालाई मान्यता दिएका छन् (जस्तै, बोलिभिया, इक्वेडर, क्यानडा आदि) भने अन्य देशहरूले आधारभूत कानूनी मान्यता पनि प्रदान गर्न असफल भएका छन् (ब्रायन, २०१२)।

आदिवासी ज्ञान प्रणालीहरू विशेषगरी दिगो कृषि, परम्परागत चिकित्सा र पारिस्थितिक संरक्षणमा महत्वपूर्ण ध्यानाकर्षण प्राप्त भएको छ (बर्केस,२०१२)। एन्डिजको फाँटबारी खेती, अमेजोनको कृषि-वन प्रणाली, र समग्र उ पचार विधिहरू जस्ता आदिवासी अभ्यासहरूले स्रोत व्यवस्थापनका लागि दिगो दृष्टिकोण प्रदर्शन गर्छन्(गड गिलएटअल.,१९९३) । तर, विश्वव्यापीकरण र आधुनिकीकरणले आदिवासी भाषा र परम्पराहरूलाई चुनौती दिएको छ। जसले तीव्र सांस्कृतिक क्षय निम्त्याएको छ (क्रिस्टल, २०००)। यूनेस्को, २०१० ले आदिवासी भाषाहरूको लोप हुनुका कारणहरुको दस्तावेजिकरण गरेको छ र द्वैभाषिक शिक्षा तथा मौखिक इतिहास दस्तावेजमार्फत सांस्कृतिक संरक्षण आवश्यक रहेको औंल्याएको छ।

भूमिको अपहरण आदिवासी समुदायहरूको लागि गम्भीर समस्या बनेको छ। विशेषगरी प्राकृतिक स्रोतहरूको अत्याधिक दोहन भइरहेको क्षेत्रमा वैज्ञानिकहरुले खनिज उत्खनन, वन फँडानी, तेल उत्खनन, र जंगल विनाश आदिवासी विस्थापन र वातावरणीय ह्रासमा कसरी योगदान पुऱ्याउने भन्ने कुराको अध्ययन गरेका छन्

(कोल्चेस्टर, २०००)। उदाहरणका लागि, अमेजन वर्षा वनमा अवैध काठ कटानी र उत्खनन् भइरहेको छ। जसले यानोमामीजस्ता आदिवासी समुदायहरूको अस्तित्वलाई खतरामा पारेको छ (बारेटोएटअल., २०१७)। आदिवासी वातावरणीय सक्रियता विश्वव्यापी रूपमा मान्यता प्राप्त गर्दै आएको छ। जहाँ बेर्ताकासेरेस (होन्डुरस), सोनिया ग्वाजाजारा (ब्राजिल), र अटमपेल्टियर (क्यानडा) जस्ता व्यक्तित्वहरूले संरक्षण प्रयासहरूलाई नेतृत्व दिइरहेकाछन् (मार्टिनेज-अलियर, २००२)। आदिवासी भूमिको अधिकार जैविक विविधताको संरक्षण र जलवायु परिवर्तन न्यूनीकरणका लागि महत्वपूर्ण छ भनी विभिन्न अध्ययनहरुले देखाएका छन् (स्टेभेन्स, १९९७)।

आदिवासी जनजातिहरू आर्थिक असमानता र सामाजिक बहिष्करणको सामना गरिरहेका छन्। उच्च गरिबी दर, सीमित स्वास्थ्य सेवा पहुँच, र कम शैक्षिक उपलब्धि आदिवासी समुदायहरूमा व्यापक देखिन्छ (हलरपेट्रिनोस,२००६)। विकसित देशहरूमा पनि आदिवासी जनसङ्ख्या प्रणालीगत असमानताका कोशिकाहरू रहेका छन् । उदाहरणका लागि, अष्ट्रेलियाका आदिवासी समुदायहरूको औसत आयु अपेक्षाकृत कम छ र रोजगारी दर अन्य अष्ट्रेलियनहरूको तुलनामा न्यून छ (अल्टम्यान, २०००)। मधुमेह, सरूवा रोगहरू, र मानसिक स्वास्थ्य समस्याहरूको उच्चदर देखिएको छ । जसका लागि सांस्कृतिक रूपमा अनुकूल स्वास्थ्य सेवा प्रणाली आवश्यक रहेको अनुसन्धानले देखाएको छ (किंगएटल,२००९)।

आदिवासी अध्ययनमा मुख्य छलफलको विषय आदिवासी र पश्चिमी दृष्टिकोणबीचको भिन्नता हो। आदिवासी ज्ञान प्रणालीहरूले समुदाय, दिगोपन र प्रकृतिसँगको अन्तर्सम्बन्धलाई प्राथमिकता दिन्छन्। जसको विपरीत पश्चिमी दृष्टिकोणले प्रायःव्यक्तिवाद र औद्योगिक विकासमा जोड दिन्छ (बाटिस्टेर हेन्डरसन, २०००) ।यी भिन्नताहरूले शासन, स्रोत व्यवस्थापन, र स्वास्थ्य नीतिहरूमा द्वन्द्व निम्त्याउने गरेका छन् (स्मिथ, १९९९)। अध्ययनहरूले देखाएको छ कि आदिवासी ज्ञानलाई नीति निर्माणमा समावेश गर्दा दिगो र नैतिक विकास अभ्यासहरूलाई प्रवर्धन गर्न सकिन्छ (ह्वाइट, २०१७)।

आदिवासी जनताहरूको विश्वव्यापी दृष्टिकोण परिवर्तन भइरहेको छ। जसमा तिनीहरूको अधिकार, ज्ञानप्रणाली र वातावरणीय स्थिरतामा योगदानलाई बढ्दो मान्यता दिइँदैछ। तथापि, कानूनी मान्यता, आर्थिक समानता, र सांस्कृतिक संरक्षणका चुनौतीहरू कायमै छन्। भविष्यका अनुसन्धानहरूले नीति र व्यवहार बीचको खाडललाई कम गर्न ध्यान दिनुपर्छ। जसले गर्दा आदिवासी आवाजहरू विश्वव्यापी विकास र दिगोपन सम्बन्धी छलफलको केन्द्रमा रहन सक्छन्।

एसियामा आदिवासी समुदायहरू, जसलाई विभिन्न देशहरूमा भिन्न नामले चिनिन्छ (जस्तै, भारतमा जनजाति, नेपालमा आदिवासी-जनजाति, थाईल्यान्डमा हिल ट्राइब्स) लामो समयदेखि बहिष्करण, सांस्कृतिक पहिचानको सङ्कट, र आर्थिक-सामाजिक चुनौतीहरूको सामना गरिरहेका छन् ।पछिल्ला वर्षहरूमा, यी समुदायहरूको

अधिकार, सांस्कृतिक संरक्षण, वातावरणीय योगदान र सामाजिक-राजनीतिक सहभागितामा वृद्धि भएको देखिन्छ । यो साहित्य समीक्षाले विशेष रूपमा एसियामा आदिवासी जनताको परिप्रेक्ष्यलाई कानूनी, सांस्कृतिक, पर्यावरणीय, आर्थिक र राजनीतिक दृष्टिकोणबाट मूल्याङ्कन गर्नेछ ।

विभिन्न एसिया ली मुलुकहरूमा आदिवासी समुदायहरूलाई कानूनी रूपमा विभिन्न तरिकाले मान्यता दिइएको छ। भारतमा अनुसूचित जनजाति (सेड्युल ट्राइव्स) लाई संवैधानिक संरक्षण प्रदान गरिए तापनि सामाजिक र आर्थिक असमानता कायमै छ (छाछा, २००५)। नेपालको सन्दर्भमा वि.सं. २०७२ मा आएको नेपालको संविधानले आदिवासी जनजातिलाई विशेष अधिकार प्रदान गरे पनि व्यवहारिक कार्यान्वयनमा चुनौतीहरू देखिन्छन् (गुरूङ्ग, २०१२)। थाईल्यान्ड र म्यानमारमा हिल ट्राइबसहरूलाई नागरिकता प्राप्त गर्न कठिनाइहरु रहेको पाइन्छ (वाउ डयाङ्ग,२००७)। एसियाली आदिवासी समुदायहरूका पारम्परिक ज्ञान प्रणालीहरू कृषिमा, जडीबुटी उपचारमा, र वातावरणीय व्यवस्थापनमा अद्वितीय रहेको पाइन्छ (बेर्कस,२००८)। उदाहरणका लागि, नेपालका गुरूङ र शेर्पाहरूको परम्परागत जडीबुटी चिकित्सा प्रणाली, भारतका आदिवासी समुदायहरूको शिफ्टिंग कल्टिभेसन (झुम खेती) र थाईल्यान्डका करेन जनजातिको वन व्यवस्थापन पद्धति दिगो प्राकृतिक स्रोत व्यवस्थापनका दृष्टिकोणले महत्त्वपूर्ण छन् (पोफेन वर्गर, १९९६)। तथापि, आधुनिकीकरणका कारण यी प्रणालीहरू सङ्कटमा परेका छन्। भूमिको अधिकार आदिवासी समुदायहरूका लागि महत्त्वपूर्ण मुद्दा हो। दक्षिण एसियामा, विकास परियोजनाहरू (जस्तैः जलविद्युत

आयोजना, खानी उत्खनन) को कारण आदिवासी समुदायहरू विस्थापित भएका घटनाहरू देखिन्छन् (फर्नान्डिस, १९९६)। उदाहरणका लागि, भारतको नर्मदा बाँध परियोजनाले हजारौं आदिवासीहरूलाई विस्थापित गर्यो भने, नेपालमा हाइड्रोपावर परियोजनाले तामाङ र मगर समुदायलाई प्रत्यक्ष असर पुऱ्याएको छ (क्षेत्री एण्ड गुरूङ्ग, २००२)।

आदिवासी आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरूको स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्दछन्। घुमन्ते-फिरन्ते राउटे समुदायको प्रथाजनित अभ्यास निरन्तरतामा अवरोध उत्पन्न भए उनीहरूले प्रतिनिधित्व गरेको एउटा सभ्यता अन्त्य सम्मुख देखिएको औंल्याइएको छ (बराम र पुन, २०२४)। आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १९८९ (नं.१६९ को व्यवस्था बमोजिम आदिवासी जनजातिहरूको भूमिमाथिको परम्परागत स्वामित्व र भोगाधिकारलाई नजरअन्दाज गरेको देखिन्छ। नेपालको संविधान अनुसार प्राकृतिक स्रोतको प्रयोगबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था यी प्रभावित अतिसीमान्तकृत चेपाङ समुदायले अनुभूति गर्न पाएका छैनन् (राई र बराम, २०२५)।

कुसुन्डा समुदायको बारेमा केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता विज्ञ तथा प्राज्ञहरूले अध्ययन अनुसन्धान गरेको पाइन्छ। कुसुन्डा समुदायको विषयमा जानकारी दिने पहिलो व्यक्ति हज्सन (सन्१८४८,१८५७)हुन। त्यसपछि ग्रियर्सन (सन् १९०९) नरहरिनाथ (सन् १९५५) विष्ट(सन् १९७२)ले पनि कुसुन्डाको बारेमा लेखेका छन्। हेमन्तराम भण्डारी (सन् १९८७) राना, (सन्

२०००,२००१) ह्वाइटहाउस र अन्य (सन् २००४) बन्धु (सन् २०१२)माधव प्रसाद पोख्रेल (सन्२०१३)ले पनि कुसुन्डा समुदायको जातीय तथा भाषिक विशेषताको चर्चा गरेका छन्। कुसुन्डा समुदायको भाषाको व्याकरणबारे वोटर्स, यादव, पोखरेल (सन् २००५) र गौतम (सन् २०२२)ले लेखेका छन्। आले(सन् २०१७, २०२२)ले कुसुन्डा जाति, भाषा र संस्कृतिको चर्चा गर्दै कुसुन्डा भाषाका शब्दहरू सङ्कलन गरेका छन्।

# अध्याय तीन
# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड

## ३.१. राष्ट्रिय मापदण्ड

### ३.१.१. नेपालको संविधान

नेपालको संविधानले नै बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, सामाजिक सांस्कृतिक संरक्षण र प्रवर्धन गर्ने विषयलाई सम्बोधन गरेको छ। जातीय तथा भाषिक विभेदको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तको आधारमा समतामुलक समाज निर्माणको परिकल्पना गरेको छ।

संविधानको धारा १० ले प्रत्येक नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकको प्रत्याभूत गरेको छ। नोपलको संविधानको धारा १६ देखि ४६ सम्म मौलिक हकको व्यवस्था गरेको छ। नागरिकका सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, गोपनीयताको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक लगायतका मौलिकहकको व्यवस्था गरेको छ। नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने मौलिक व्यवस्था रहेको छ। प्रत्येक व्यक्ति र

समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने, समुदायको सांस्कृतिक जीवनमा सहभागी हुने, आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने व्यवस्था रहेको छ।

नेपालको संविधानको धारा ४२ को उपधारा १ मा अल्पसङ्ख्यक समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता हुने सामाजिक न्यायको मौलिक हक प्रत्याभूत गरिएको छ। सोही धाराको उपधारा २ ले लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर र लाभ पाउने मौलिक हक सुरक्षित गरेको छ। यसैगरी धारा ४३ ले लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको मौलिक हक प्रत्याभूत गरेको छ।

आदिवासी जनजातिलगायतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुने हक मौलिक हकको रूपमा व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ५१ (ग) मा सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीति, धारा ५१(च) मा विकास सम्बन्धी नीति, धारा ५१(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति र धारा ५१(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी राज्यको नीति रहेको छ। आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने नीति राज्यको रहेको छ। अल्पसङ्ख्यक समुदायलाई आफ्ना पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर

तथा लाभका लागि विशेष व्यवस्था गर्ने सो नीतिको बुँदा नं.९ मा सम्बोधन गरेको छ।

नेपाल संविधानको धारा ५६(५)ले संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था छ। संविधानको धारा ५६(६)अनुसार मानव अधिकार, मौलिक हक, समानतामा आधारित समानतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय तहलाई रहेको छ। संविधानको धारा २४८ र २४९ मा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरिएको छ ।सीमान्तकृत समुदाय, अल्पसङ्ख्यक एवं आदिवासी जनजाति समुदायको संरक्षण, राज्य संयन्त्रमा उचित प्रतिनिधित्व, शसक्तिकरण र विकास गर्नका लागि संविधानको धारा २५८ र धारा २५९ मा राष्ट्रिय समावेशी आयोग र धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था गरिएको छ।

## ३.१.२ .आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजातिको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान, भाषा, संस्कृति, कला, परम्परागत सीप, इतिहास संरक्षण र प्रवर्धन, विकासको मूल प्रवाहमा आदिवासी जनजातिलाई सहभागिता गराउने दायित्वसहित आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना गरेको छ। प्रधानमन्त्रीको अध्यक्षतामा हुने

प्रतिष्ठानको सञ्चालक परिषदमा सूचिकृत प्रत्येक आदिवासी जनजाति समुदायबाट परिषद् सदस्य हुने कानूनी व्यवस्था गरेको छ।

## ३.१.३.सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ६ ले प्रशासनिक कार्यसम्पादन गर्दा सार्वजनिक पदाधिकारीले नेपालको संविधान तथा अन्य प्रचलित कानूनका अतिरिक्त राष्ट्र र जनताको बृहत्तर हित समन्याय र समावेशीकरण, कानूनको शासन, मानवअधिकारको प्रत्याभूति, पारदर्शिता, वस्तुनिष्ठटा, जवाफदेहिता तथा इमान्दारिता, आर्थिक अनुशासन एवं भ्रष्ट्राचारमुक्त, चुस्त र जनमुखी प्रशासन, तटस्थता, निष्पक्षता, प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच, जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग लगायत १० कार्यसम्पादन गर्नुपर्ने दायित्व सिर्जना गरेको छ। ऐनको दफा ७ ले नै गरिबी निवारण, प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दीगो तथा कुशल व्यवस्थापन, जनजाति, दलित तथा आर्थिक तथा सामाजिकरूपमा पिछडिएको वर्गको उत्थानको नीति पनि सुशासन कानूनले स्पष्टता दिएको छ। यसैगरी ऐनको दफा २० ले सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग परामर्श गर्नुपर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा २८ ले जनताको सहभागिता र स्वामित्वसम्बन्धी व्यवस्था गरेको छ।

## ३.१.४. आदिवासी जनजाति आयोग ऐन, २०७४

आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आदिवासी जनजाति आयोगलाई आदिवासी जनजाति समुदायको समग्र स्थिति अध्ययन अनुसन्धान, नीतिगत, कानूनी र संस्थागत सुधार, सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा, अनुगमन तथा मुल्याङ्कन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने कानूनी दायित्व तोकेको छ। यी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने क्षेत्राधिकार पनि दिएको छ।

## ३.१.५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सुरक्षित बस्ती विकास, एकिकृत बस्ती विकास, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, भाषा, संस्कृति, सामाजिक सुरक्षा र गरिबी निवारण, भूमि व्यवस्थापन आदि कार्य गर्न स्थानीय सरकारको दायित्व निर्धारण गरेको छ। यो ऐन अनुसार नेपाल सरकारले सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासको लागि प्रदेश सरकारको परामर्शमा अल्पसङ्ख्यक, सीमान्तकृत वा लोपोन्मुख समुदायको बसोबास रहेको क्षेत्रलाई संरक्षित क्षेत्र कायम गर्न सक्ने कानूनी व्यवस्था गरेको छ।

## ३.१.६. आवासको अधिकारसम्बन्धी ऐन, २०७५

आवासको अधिकारसम्बन्धी ऐन, २०७५ अनुसार प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार हुन्छ। आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट नागरिकलाई सुरक्षित राखिनुपर्दछ। आवासको अधिकारको सम्मान, संवर्धन, संरक्षण, परिपुर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको हुन्छ।

## ३.१.७. सामाजिक सुरक्षा ऐन, २०७५

सामाजिक सुरक्षा ऐन,२०७५ अनुसार लोपोन्मुख जातिका नागरिकको संरक्षण गर्नका निम्ति सरकारले तोकिए बमोजिमको सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ। नेपालमा सूचिकृत १० लोपोन्मुख जातिलाई उक्त सामाजिक सुरक्षा प्रदान गर्न स्थानीय सरकारलाई यो ऐनले उत्तरदायी बनाएको पाइन्छ।

## ३.१.८. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धी ऐन, २०७५ को प्रस्तावनामा शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चितता गर्न तथा शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धा एवं गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धमा कानूनी

व्यवस्था गर्न वाञ्छनीय भएको भन्ने उल्लेख भएको छ। शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व, प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अधिकार व्यवस्था गरिएको छ। शिक्षा प्राप्त गर्न कसैलाई कुनै पनि आधारमा भेदभाव गरिने छैन्। नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायका नागरिकलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ। बालबालिका भर्ना गराउनु पर्ने, वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने, अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने, परम्परागत शिक्षा प्रदान गर्न सकिने व्यवस्था पनि छ । मातृभाषी शिक्षा प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकार वा स्थानीय तहले स्थानिय विशेषता र आवश्यकता अनुसार थप प्रबन्ध गर्न सक्ने पनि व्यवस्था पनि रहेको छ।

## ३.२. अन्तर्राष्ट्रिय मापदण्ड

### ३.२.१ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,१९६६

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ले सम्पूर्ण जनतामा आत्मनिर्णयको अधिकार सुरक्षित गरेको छ । स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्ने अधिकारको व्यवस्था गरेको छ। आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरूको स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्दछन्। राज्यले कुनैपनि अवस्थामा कुनै पनि नागरिकलाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गराउन पाउदैन।

जाति, वर्ण, लिंग, भाषा, धर्म, सामाजिक उत्पत्ति, जन्म वा अन्य कुनै हैसियतको आधारमा कुनैपनि प्रकारको भेदभावविना सम्पूर्ण अधिकार उपभोगको प्रतिज्ञा गरेको छ । आफ्ना आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुन्छ। सामाजिक, धार्मिक वा भाषिक अल्पसङ्ख्यकका व्यक्तिहरूलाई आफ्ना समूह वा अन्य सदस्यहरूसँग मिलेर आफ्नो संस्कृतिको उपभोग गर्ने, अभ्यास गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकार हुन्छ। [3]

## ३.२.२. आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,१९६६

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ मा पक्ष राष्ट्रहरूले जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, सामाजिक उत्पत्ति, जन्म वा अन्य कुनै हैसियतको आधारमा कुनै पनि प्रकारको भेदभावविना सम्पूर्ण अधिकार उपभोग गर्न पाउने कुराको सुनिश्चित गरेका छन्। प्रत्येक व्यक्तिले आफुले छानेको कामबाट जीवन धान्ने अधिकार हुन्छ। प्रत्येक व्यक्तिलाई सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार हुन्छ । [4]

[3]नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६६ को धारा १, २, १२, १८, २४, २५ र २७ ।

[4]आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६६ को धारा २, ६, १० र १५ ।

## ३.२.३.महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९

महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि,१९७९ ले महिलाहरूलाई अन्य विभिन्न अवस्थाहरूमा सामाजिक सुरक्षाको अधिकार हुन्छ।[5]सन् २०२२ मा आदिवासी जनजाति महिला तथा किशोरीको अधिकारसम्बन्धी सामान्य टिप्पणी नं.३९ जारी गरेको छ। सो सामान्य टिप्पणीले महासन्धिको विभिन्न धारा कार्यान्वयन सवालमा आदिवासी जनजाति महिला तथा किशोरीहरूमा हुने लैङ्गिक विभेदविरूद्ध संरक्षण, राजनीतिक तथा सार्वजनिक जीवनमा उनीहरूको प्रभावकारी सहभागिता, शिक्षा, रोजगारी, स्वास्थ्य, संस्कृति, भूमि तथा प्राकृतिक स्रोतमाथीको अधिकार, खाद्य अधिकार, दिगो तथा स्वच्छ वातावरणको अधिकार स्थापित गर्नु पर्ने सवालमा राज्यको भूमिका स्पष्ट पारेको छ। आदिवासी जनजाति महिला तथा किशोरीले आदिवासी उत्पत्ति, पहिचान, जाति, अपाङ्गता, उमेर, भाषा, आर्थिक, सामाजिक अवस्था तथा अन्तरक्षेदीय विशेषताका कारण विभेद सामना गरिरहेको सन्दर्भ निश्कर्षको रूपमा प्रस्तुत गरेको छ।

सन् २०२५ मा नेपालको महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि को कार्यान्वयन अवस्थासम्बन्धी निष्कर्ष सुझावमा "संविधानमा आदिवासी महिलाको अधिकार,

---

[5]महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को धारा ११ र १४

उनीहरूको सामुहिक आत्मनिर्णय लगायतको पहिचानको कमि" विषयमा सिफारिस गरेको छ।

## ३.२.४.बाल अधिकारसम्बन्धी महासन्धि,१९८९

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले अल्पसङ्ख्यक समूहका बालबालिका वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन आमसञ्चार माध्यमलाई प्रोत्साहन दिनुपर्दछ। पारिवारिक वातावरणमा रहँदा सर्वोत्तम हित हुन नसक्ने बालबालिकालाई राष्ट्रद्वारा प्रदत्त विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुन्छ । त्यस्ता बालबालिकाहरूका लागि वैकल्पिक हेरचाह गर्नुपर्दछ ।[6]बालबालिकालाई पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्था गरेर रोग र कुपोषणबाट जोगाउनु पर्ने कुरा उल्लेख गरेको छ। आमाहरूको निम्ति पूर्वप्रसूति तथा प्रसूतिपश्चात उचित सेवाहरूको सुनिश्चित गर्ने व्यवस्था छ। पोषण, लुगाफाटो, आवास सम्बन्धमा भौतिक सहयोग गर्ने उल्लेख छ।

## ३.२.५.आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि,१९८९(नं.१६९)

आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ लाई अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ को रूपमा पनि बुझिन्छ। आदिवासी जनजातिहरूको मानव अधिकार संरक्षण गर्ने मुख्य महासन्धिको रूपमा लिने गरिन्छ। यस महासन्धिले आदिवासी जनजातिहरूले मानवअधिकार तथा मौलिक स्वतन्त्रताका सबै

---

[6]बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा ६,७,१७,२०,२४,२७ र २८ ।

उपायहरू निर्वाधरूपमा वा कुनै भेदभावबिना उपभोग गर्न पाउनुपर्ने व्यवस्था गरेको छ। आदिवासीको जीवन, आस्था, संस्था तथा आध्यात्मिक कल्याण तथा निजहरूले ओगटेको वा अन्य किसिमले प्रयोग गरेको भूमिमा प्रभाव पार्ने विकासको प्रक्रियाका लागि आफ्नो प्राथमिकता निर्धारण गर्ने तथा सम्भव भएको हदसम्म उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास उपर नियन्त्रण कायम राख्ने अधिकार हुन्छ।

प्रत्यक्ष रूपमा प्रभाव पार्न सक्ने राष्ट्रिय तथा क्षेत्रीय विकासका योजना र कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा निजहरूको सहभागिता हुनुपर्दछ। राष्ट्रिय कानून र नियमहरू लागु गर्दा निजहरूको परम्परागत अभ्यास वा परम्परागत कानूनहरूलाई समुचित ध्यान दिनुपर्दछ। परम्परागत अधिकार कायम राख्ने अधिकार हुन्छ। सरकारले आदिवासीका संस्कृति र आध्यात्मिक मूल्यहरूको लागि अवस्थानुसार निजहरूले ओगटेका वा अन्य कुनैपनि किसिमले प्रयोग गरेका भूमि वा भू–क्षेत्र वा दुवैसँग निजहरूको सम्बन्धको र खासगरी यस सम्बन्धको सामुहिक पक्षको विशेष महत्व गर्नुपर्दछ। परम्परागत रूपमा ओगट्दै आएको निजहरूको स्वामित्व र भोगाधिकारलाई मान्यता दिनुपर्दछ।

आदिवासीहरूले एकलौटीरूपमा नओगटेका तर जीविकोपार्जन र परम्परागत गतिविधिको लागि परम्परागतरूपमा पहुँच प्राप्त गरेका भूमि प्रयोग गर्ने निजहरूको अधिकारको रक्षा गर्नको लागि उपयुक्त अवस्थाहरूमा उपायहरू अपनाउनु पर्दछ। सरकारहरूले सम्बन्धित जनताहरूले परम्परागतरूपमा ओगटेको भूमि पहिचान गर्न

निजहरूको स्वामित्व रभोगाधिकारको प्रभावकारी संरक्षणको प्रत्याभूति दिन आवश्यक कदम चाल्नुपर्नेछ। भूमिसम्बन्धी दावीहरू समाधान गर्न राष्ट्रिय कानून प्रणालीमा पर्याप्त कार्यविधिहरूको व्यवस्था गर्नुपर्दछ । भूमिसम्बन्धी प्राकृतिक स्रोतहरूको अधिकारलाई विशेषरूपमा सुरक्षित गर्नुपर्दछ। यस्ता अधिकारहरूमा यस्ता स्रोतहरूको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागी हुने यी जनताको अधिकार समेत समावेश छ ।

आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ लाई अन्तर्राष्ट्रिय श्रमसङ्गठनको महासन्धि नं.१६९ को रूपमा पनि बुझिन्छ। आदिवासी जनजातिहरूको मानव अधिकार संरक्षण गर्ने मुख्य महासन्धिको रूपमा लिने गरिन्छ। यस महासन्धिले आदिवासी जनजातिहरूले मानवअधिकार तथा मौलिक स्वतन्त्रताका सबै उपायहरू निर्वाधरूपमा वा कुनै भेदभावबिना उपभोग गर्ने व्यवस्था गरेको छ। आदिवासीको जीवन, आस्था, संस्था तथा आध्यात्मिक कल्याण तथा निजहरूले ओगटेको वा अन्य किसिमले प्रयोग गरेको भूमिमा प्रभाव पार्ने विकासको प्रक्रियाका लागि आफ्नो प्राथमिकता निर्धारण गर्ने तथा सम्भव भएको हदसम्म उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास उपर नियन्त्रण कायम राख्ने अधिकार हुन्छ।

## ३.२.६.जैविक विविधतासम्बन्धी महासन्धि,१९९२

नेपाल पक्ष राष्ट्र भएको जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ ले आदिवासी जनजातिको ज्ञान, सीप, अभ्यासलाई सम्मान गरेको छ। महासन्धिको धारा ८(ज) ले आदिवासी जनजातिको जैविक

विविधता संरक्षण, दिगो उपयोग सम्बन्धी परम्परागत जीवनशैली, ज्ञान, सीप, नवप्रवर्धन र अभ्यासलाई राष्ट्रिय कानूनले सम्मान, संरक्षण र प्रवर्धन गर्नुपर्ने व्यवस्था गरेको छ।

आदिवासी जनजातिहरू ज्ञान, सीप, नवप्रवर्धन र अभ्यास उपयोगको लागि उनीहरूको स्वीकृति र संलग्नतासँगै यसको व्यापक प्रयोगको प्रवर्धन गर्नुपर्दछ। उनीहरू सरोकारवाला रहेकोले यी स्रोतहरूको उपयोगबाट हुनेलाभको समान बाँडफाँडमा प्रोत्साहन गर्नुपर्दछ।

## ३.२.७.आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७

आदिवासी जनजाति सामुहिक रूपमा वा व्यक्तिगत रूपमा अन्य मानिस तथा व्यक्तिहरू सरह स्वतन्त्र र समान हुन्छन्। मौलिक उत्पत्ति वा पहिचानमा आधारित अधिकारहरूको उपभोग गर्ने क्रममा कुनै पनि किसिमका भेदभावबाट मुक्त हुने अधिकार राख्दछन आदिवासी जनजातिसँग आत्मनिर्णयको अधिकार छ। स्वशासनको अधिकार छ । प्रत्येक आदिवासी व्यक्तिसँग राष्ट्रियताको अधिकार छ। पृथक मानिसका रूपमा स्वतन्त्रता, शान्ति सुरक्षा पूर्वक बाँच्ने सामुहिक अधिकारछ। संस्कृतिको विनाश नहुने अधिकारछ। उनीहरूलाई उनीहरूको भूमि वा क्षेत्रबाट बलपूर्वक हटाउन पाइँदैन।

आदिवासीहरूको राजनीतिक, आर्थिक एंव सामाजिक संरचना तथा उनीहरूको संस्कृति, आध्यात्मिक परम्परा, इतिहास एवं दर्शन विशेष गरी आफ्नो भूमि, क्षेत्र तथा संसाधनहरूमाथीको उनीहरूको अधिकारलाई सम्मान तथा प्रवर्धन गर्नुपर्दछ। आदिवासी जनजाति उनीहरूको मौलिक उत्पत्ति वा पहिचानमा आधारित अधिकारहरूको उपभोग गर्ने क्रममा कुनै पनि किसिमका भेदभाववाट मुक्त हुने अधिकार राख्दछन्।

उनीहरूले परम्परादेखि स्वामित्वमा राखेका वा प्रयोग गर्दै आएकाभूमि,क्षेत्र, पानी आदिसँगको आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने साथै भावी पुस्ताप्रतिको उत्तरदायित्व बहन गर्ने अधिकार हुन्छ। ती भूमि, क्षेत्र तथा संसाधनहरूमाथी स्वामित्व पाउने अधिकार,प्रयोग गर्ने अधिकार, विकास गर्ने र नियन्त्रण गर्ने अधिकार छ। ती संसाधनहरू स्वतन्त्र, पूर्व तथा सुसूचित मञ्जुरीविना अधिग्रहण गरिए, लिइए, प्रयोग गरिए वा नष्ट गरिएमा उचित, स्वच्छ र न्यायोचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार छ।

उनीहरूको अधिकारमाथि प्रभाव पार्ने विषयहरूको निर्णय प्रक्रियामा उनीहरूकै प्रक्रिया अनुरूप उनीहरूले छानेका प्रतिनिधि मार्फत सहभागी हुने अधिकार हुन्छ। राज्यले उनीहरूको स्वतन्त्र, पूर्व तथा सुसूचित मञ्जुरी उनीहरूको प्रतिनिधिमुलक संस्थामार्फत लिनुपर्दछ। जीविकोपार्जन तथा विकासका साधनहरूबाट वञ्चित आदिवासी जनजातिहरूले उचित र स्वच्छ क्षतिपूर्तिको अधिकार राख्दछन्। परम्परागत औषधि तथा

औषधिजन्य वनस्पति, जनावर तथा खनिजहरूको संरक्षण लगायत स्वास्थ्यसम्बन्धी परम्परागत प्रचलनहरूलाई कायम राख्न पाउने अधिकार आदिवासी जनजातिहरूको लागि यस घोषणापत्रमा उल्लेख छ ।[7]

## ३.३. विश्वव्यापी आवधिक समिक्षा

नेपालले विश्वव्यापी आवधिक समिक्षाको तेस्रो चक्रमा नेपालले स्वीकार गरेको विभिन्न सुझाव मध्ये केहि सुझाव आदिवासी जनजाति तथा अल्पसङ्ख्यक समुदायसँग पनि सम्बन्ध राख्दछन्। तपसिल बमोजिमका सुझावहरू प्रत्यक्ष अप्रत्यक्ष लोपोन्मुख तथा अल्पसङ्ख्यक कुसुन्डासँग पनि सम्बन्धित रहेको देखिन्छ।

- सुरक्षित पिउने पानी र सरसफाइको सुनिश्चित गर्ने।
- आवासको हक सुनिश्चित गराउने।
- महिला, बालबालिका र अन्य जोखिम वर्गको अधिकारलाई थप प्रवर्धन गर्ने।
- खाद्यान्नको पहुँच हिसावले सबैभन्दा जोखिममा रहेका जनसङ्ख्याका लागि खाद्य अधिकार सरकारी कार्यक्रमलाई विस्तार गर्ने।
- आदिवासी समुदायको आफ्नो भूमिको उपयोग गर्ने सम्बन्धी अधिकार सम्बन्धित कानुनमा सुनिश्चित गर्ने।
- अल्पसङ्ख्यक समुदायको महिला तथा बालिका संरक्षण तथा न्याय प्रदान गर्ने नीति अवलम्बन गर्ने।

---

[7]आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ को धारा २, ३,४,६,७,८,१०, ११, १२, १८,२० र २१ ।

- जोखिम वर्ग विशेष गरी महिला तथा बालबालिका जातीय अल्पसङ्ख्यकको अधिकारको कानुनमा र व्यवहारमा रक्षा गर्ने।

## ३.४. दिगो विकासका लक्ष्य

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्मको लागि दिगो विकासका लक्ष्यहरू निर्धारित छन् । धेरै लक्ष्यहरू अल्पसङ्ख्यक तथा लोपोन्मुख कुसुन्डा समुदायसँग प्रत्यक्ष/ अप्रत्यक्ष सम्बन्ध राख्दछन्। दिगो विकासका १७ लक्ष्य र १६९ परिमाणात्मक लक्ष्यहरूको कार्यान्वयनका लागि विश्वव्यापी रूपमा प्रयास भइरहेको छ।

| लक्ष्य | विषय | परिमाणात्मक लक्ष्य |
|---|---|---|
| लक्ष्य १ | हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीबी अन्त्य गर्ने। | १.३. राष्ट्रियरूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणालीहरू, सन् २०३० सम्ममा सङ्कट ग्रस्त/कमजोर अवस्थामा रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने। |
| | | १.५. सङ्कटग्रस्त अवस्थाहरूमा रहेका मानिसहरूको उत्थानशीलता निर्माण। गर्ने तथा कमजोरपनालाई कम गर्ने । |

| | | |
|---|---|---|
| लक्ष्य ६ | सबैका निम्ति खानेपानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने। | ६.१.२०३० सम्ममा सबैको निम्ति सुरक्षित खानेपानीको सर्वाव्यापी पहुच हासिल गर्ने। |
| लक्ष्य ११ | सहर एवं मानवबस्ती हरूलाई समावेशी, सुरक्षित, उत्थानशील, र दिगो बनाउने। | ११.१.सन् २०३० सम्ममा सुरक्षित घरमा सबैको पहुँच सुनिश्चित गर्ने झुपडीहरूलाई स्तरोन्नति गर्ने। |
| लक्ष्य १३ | जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने। | १३.२.१. ख. समुदाय तहमा अनुकूलन योजना बनाउने। |
| लक्ष्य १५ | पारिस्थिकीय प्रणाली तथा जैविक विविधता। | १५ क. पारिस्थिकीय प्रणालीहरू र जैविक विविधताका मूल्य मान्यताहरूलाई सन् २०२० सम्ममा राष्ट्रिय र स्थानीय योजना, विकास प्रक्रियाहरू, गरिबी न्यूनीकरण रणनीतिहरू र लेखाहरूमा एकीकृत गरिसक्ने। |

# अध्याय चार

# आयोगबाट भएका पहलहरु

## ४.१.आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ सम्बन्धमा

- आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९(आई.एल.ओ. महासन्धि नं.१६९)कार्यान्वयन अवस्था प्रतिवेदन प्रकाशित गरी नेपाल सरकारलाई मिति २०७५/१२/०४ मा १५ बुँदे सिफारिस गरेको छ। जसमा तपसिलामा रहेका बुँदा यो प्रतिवेदनसँग पनि सरोकार राख्दछन्।
- आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ (आई.एल.ओ. महासन्धि नं.१६९) प्रतिकूल रहेका विद्यमान कानुनी व्यवस्थाहरूलाई महासन्धि अनुकुल संशोधन वा परिमार्जन गर्न र महासन्धि कार्यान्वयनका लागि आवश्कताअनुसार नयाँ कानुन निर्माण गरी राज्यका संघ, प्रदेश र स्थानीय तहमा समान ढङ्गले कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउन।
- विकास तथा भौतिक संरचना निर्माणको योजना बनाउँदा वा कार्यान्वयन गर्दा सम्बन्धित क्षेत्रको आदिवासी जनजाति वा स्थानीय समुदायको संस्कृति सुहाउँदो प्रक्रिया अवलम्बन गरी उनीहरूको अधिकार संरक्षणको प्रत्याभूत गर्न वा गराउनका लागि आदिवासी जनजाति सम्बन्धी महासन्धि,१९८९

(आई.एल.ओ.महासन्धि नं.१६९) र आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले अवलम्बन गरेको स्वतन्त्र, पूर्वसुसूचित र सहमतिसम्बन्धी अवधारणा लागू गर्न उपयुक्त संरचनाको निर्माण गरी लागू गर्न।

- आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ (आई.एल.ओ. महासन्धि नं. १६९) कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना यथाशीघ्र स्वीकृत गरी कार्यान्वयन गर्न।

उल्लिखित आदिवासी जनजातिसम्बन्धि महासन्धि, १९८९को महासन्धि नं.१६९ मा भएका व्यवस्थाको कुसुन्डा समुदायको अधिकार संरक्षण गर्न महत्वपूर्ण भूमिका रहन्छ।

## ४.२. घुमन्ते फिरन्ते राउटे समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन

आयोगले आदिवासी जनजातिको लोपोन्मुख समूहमा रहेका घुमन्ते फिरन्ते जीवनशैलीका राउटे समुदायको मानव अधिकार अवस्था अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरको छ । सो अध्ययनमा आधारित भएर आयोगले तीन तहको सरकार र सम्बन्धित सरोकारवालालाई आवश्यक कार्यान्यनको लागि नीतिगत सिफारिस गरेको छ।


## ४.३. चेपाङ समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन

आयोगले आदिवासी जनजातिको अतिसीमान्तकृत समूहमा रहेका चेपाङ समुदायको मानव अधिकार अवस्था अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरको छ ।सो अध्ययनमा आधारित भएर आयोगले तीन तहको सरकार र सम्बन्धित सरोकारवाला निकायहरूलाई आवश्यक कार्यान्वयनको लागि नीतिगत सिफारिस गरेको छ।

# अध्याय पाँच
# अध्ययनबाट प्राप्त तथ्य, जानकारी र विश्लेषण

## ५.१. कुसुन्डा जातिको जनसाङ्ख्यिक अवस्था

ब्राइन एच.हज्सन (सन् १८५७)ले नेपालको तत्कालीन मध्यमाञ्चल क्षेत्रको घना जङ्गल बीच, उपत्यकाको पश्चिमतिर थोरै सङ्ख्यामा यी दुइ जाति (चेपाङ र कुसुन्डा) प्रकृतिमा आधारित जीवनशैलीमा रहेका छन्। त्यस क्षेत्रका अन्य जातिसँग कुनै स्पष्ट सम्बन्ध नभएको




र यिनीहरूको सङ्ख्या थोरै रहेको भनी उल्लेख गरेका छन्। हज्सनले उल्लेख गरे जस्तै अहिले पनि कुसुन्डाको जनसङ्ख्या

न्यून नै रहेको छ। नेपालमा कुसुन्डा जातिको वास्तविक जनसङ्ख्या के-कति छ भन्ने बारेमा अझै अन्यौल कायमै छ। किनभने, कुसुन्डाहरूको जनसङ्ख्याको बारेमा सार्वजनिक भए गरेका सरकारी तथा गैरसरकारी सर्वेक्षणका तथ्याङ्कहरू फरक-फरक रहेका छन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा कुसुन्डा जातिको कुल जनसङ्ख्या पुरूष ११५ र महिला १३८ गरी २५३ जना छन्। जसमध्ये वाग्मती प्रदेशमा पुरूष ३७ र महिला ३५ गरी ७२ जना कुसुन्डा छन्। वाग्मती प्रदेशको काठमाडौं जिल्लामा पुरूष २५ र महिला २२ गरी ४७ जना कुसुन्डा र भक्तपुर जिल्लामा पुरूष ४ र महिला ६ गरी १० जना कुसुन्डा छन्। गण्डकी प्रदेशमा पुरूष १६ र महिला २८ गरी ४४ जना कुसुन्डा छन्। त्यसैगरी लुम्बिनी प्रदेशमा पुरूष ४५ र महिला ५९ गरी १०४ जना कुसुन्डा भएको उल्लेख गरिएको छ। लुम्बिनी प्रदेशको प्यूठान जिल्लामा पुरूष १६ र महिला १५ गरी ३१ जना कुसुन्डा छन् भने दाङ जिल्लामा पुरूष १७ र महिला २७ गरी ४४ जना कुसुन्डा छन्।

***तालिका नं. १. प्रदेश अनुसारको कुसुन्डा समुदायको स्थानीय तहगत जनसङ्ख्या***

| प्रदेश | जिल्ला | पालिका | वडा नं. | घरधुरी | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वाग्मती | काठमाडौं | नखुलेको | | नखुलेको | २५ | २२ | ४७ |
| | भक्तपुर | नखुलेको | | | ४ | ६ | १० |
| गण्डकी | गोरखा | गोरखा न.पा. | ११ | २ | ६ | ४ | १० |
| | तनहुँ | व्यास न.पा | १० | १ | - | २ | २ |
| लुम्बिनी | कपिल बस्तु | वाणगङ्गा | ६ | १ | ३ | ४ | ७ |
| | प्युठान | सरूमारानी गा.पा. | ६ | ५ | १० | १६ | २६ |
| | | स्वर्गद्वारी न.पा | २ | २ | ६ | ८ | १४ |
| | | .ऐरावती गा.पा. | ६ | ३ | ५ | ५ | १० |
| | रोल्पा | रून्टिगढी गा.पा | ९ | १ | १ | २ | ३ |
| | दाङ | घोराही उ.म.पा. | १२ | १ | १ | ५ | ६ |
| | | | १७ | ६ | ७ | १४ | २१ |
| | | तुलसीपुर उ.म.पा. | ४ | ४ | ६ | ६ | १२ |
| | | गढवा गा.पा. | १ | २ | ५ | ५ | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | राजापुर गा.पा. | ७ | ४ | १४ | ८ | २२ |
| कर्णाली | सुर्खेत | गुर्भाकोट न.पा.. | ५ | ३ | ७ | ११ | १८ |
| अन्य (ठाउँ नखुलेको) | | | | | | | ३५ |
| जम्मा | | | | ३५ | १०० | ११८ | २५३ |

**स्रोतः राष्ट्रिय जनगणना, २०७८/ स्थलगत अध्ययन २०८१/२०८२**

यस अध्ययनमा १५० जना कुसन्डा समुदायका नागरिकको मामिला अध्ययन गर्दा १५ बर्षदेखि ६४ बर्ष उमेर समूहको ६० प्रतिशत भन्दा बढि जनसङ्ख्या रहेको देखिन्छ। कुसुन्डा समुदायको जातीय पहिचान, भाषा संस्कृति संरक्षणका लागि राज्यले यो लाभ उपयोग गर्ने अवसर देखिन्छ।

*तालिका नं. २ उमेर समूहअनुसार कुसुन्डाको जनसङ्ख्या*

| क्र.स. | उमेर समूह | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | ५ वर्षसम्म | ७ | ९ | १६ |
| २ . | १५ वर्षसम्म | १५ | १९ | ३४ |
| ३ . | ४० वर्षसम्म | २७ | ४२ | ६९ |
| ४ . | ६० वर्षसम्म | १० | १२ | २२ |
| ५. | ६० वर्ष भन्दा माथि | ५ | ४ | ९ |
| जम्मा | | ६४ | ८६ | १५० |

**स्रोतः स्थलगत अध्ययन, २०८१/८२**

## ५.२. पहिचानको अधिकार

कुसुन्डाहरू आफूलाई कुसुन्डा भन्न रूचाउँदैनथे र कसैले कुसुन्डा भन्यो भने रिसाउँथे। कुसुन्डा भाषाका तत्कालीन वक्ता ज्ञानी मैयाँ सेन कुसुन्डा र कमला सेनले आफूलाई 'म्येहाक़' वा 'गेम्येहाक़' भन्ने गर्दछन्। 'म्येहाक़' को अर्थ राजा हो भने 'गेम्येहा' को अर्थ वनराजा हो। कुसुन्डाहरू आफूलाई 'म्येहाक़ वा गेम्येहाक' भन्छन् तर यस जातिको नाम कुसुन्डा कसरी हुन आयो कुनै प्रमाण भेटिएको छैन।

कुसुन्डा भाषा प्रयोग नगर्ने कुसुन्डाहरू भने आफूलाई 'वनराजा' वा 'कुसुन्डा' भन्ने गर्दछन्। कुसुन्डाहरू वनमा घुमन्ते जीवन बिताउने र गाउँभन्दा बाहिर बस्ने भएकाले वनराजा भनिएको हो। कुसुन्डाहरू पुरूषलाई 'वनराजा', विवाहित महिलालाई 'वनरानी' र केटीहरूलाई 'वन-मैयाँ' भन्ने गर्दछन् । त्यसैगरी कुसुन्डाहरू आफूलाई 'बेगई' पनि भन्दछन्। बेगइको अर्थ ठकुरी हो। 'वोहा बेगइ' भनेको घर वा गाउँको ठकुरी हो भने 'गिलाङ बेगइ' वन ठकुरी हो। त्यसैले कुसुन्डाहरू आफूलाई 'झर्रा वन ठकुरी' पनि भन्दछन्। यस जातिको नाम कुसुन्डा कहिले र कसरी हुन आयो भन्ने बारेमा यकिन प्रमाण पाइएको छैन। पहिलो पटक ब्राइन एज. हज्सन (सन् १८५७) ले चेपाङ र कुसुन्डालाई (broken tribe) को रूपमा उल्लेख गरेका छन्। हज्सनदेखि हालसम्म सबै अध्येताहरूले कुसुन्डा जाति वा भाषा जनाउन कुसुन्डा शब्द नै प्रयोग गरेको पाइन्छ।

आफूलाई 'म्येहाक़' भन्ने कुसुन्डाले गाउँलेलाई 'नु वा निउ' भन्दछन्। कुसुन्डाले आफूलाई वनको राजा र राउटेलाई प्रजा

ठान्दथे। राउटेहरू अझै पनि वनमा घुमन्ते जीवन बिताउने गर्दछन्। पाँच दसक पहिलेसम्म कुसुन्डाहरूले वनमा घुमन्ते जीवन बिताएका थिए। कुसुन्डो नेपाली भाषाको शब्द हो। नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित प्रज्ञा नेपाली वृहत शब्दकोश २०७९ (प्रथम संस्करण) ले पेज ३७७ मा कुसुन्डा शब्दलाई ना. नेपालको रापती क्षेत्रको जङ्गलमा बस्ने घुमन्ता एक जाति भनी परिभाषित गरिएको छ।

लोपोन्मुख आदिवासी कुसुन्डा जातिमा शाही, सेन र खान गरी तीन थर रहेको पाइन्छ। अध्ययनका क्रममा सेन र शाही थरका कुसुन्डा भेटिए पनि खान थरको कुनै कुसुन्डा भेटिएका छैनन्। कुसुन्डाहरूले नेपाली नागरिकताको प्रमाणपत्रमा थरको रूपमा कुसुन्डा, शाही कुसुन्डा, राजा, वनराजा कुसुन्डा, ठकुरी, सिंह ठकुरी, शाही ठकुरी, सेन ठकुरी लेखेको पाइन्छ। समाजमा कुसुन्डाको रूपमा चिनारी दिँदा हेयका दृष्टिकोणले हेर्ने हुँदा थरको रूपमा कुसुन्डाभन्दा ठकुरीको थर शाही, सिंह, सेन अपनाएको पाइन्छ। नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन थाले पछि थर परिवर्तन गरेका कुसुन्डाहरूले पुनः थरको रूपमा कुसुन्डा लेख्न थालेका छन् र कुसुन्डा भन्दा सहज महशुस गर्दछन्। सर्वेक्षणका क्रममा सबैजसो कुसुन्डाहरूले थरको रूपमा कुसुन्डा लेख्न चाहेको तर नेपाली नागरिकताको प्रमाणपत्रमा माथि उल्लिखित ठकुरीका थरहरू लेखिएकोले आफ्नो खास चिनारीमा अप्ठ्यारो हुने गरेको बताएका छन्। सामाजिक सुरक्षा कार्यक्रमका लागि कुसुन्डा कायम हुनु अनिवार्य भएकाले उनीहरूको जातीय पहिचानका लागि सामाजिक सुरक्षा नीतिले सकारात्मक योगदान पुऱ्याएको देखिन्छ।

वाणगङ्गा नगरपालिका ६,भाटा टोलका गुञ्जबहादुर शाही कुसुन्डाका छोराले कुमाल थर लेख्ने गरेका छन् र कुमाल थरबाट नै नेपाली नारिकताको प्रमाणपत्र लिएका छन्। हाल उनी सशस्त्र प्रहरीमा कार्यरत छन्। अर्घाखाँचीदेखि देउखुरीको लालमटिया, वनकट्टी हुँदै हाल लमही नगरपालिका वडा नं.४, अर्नवामा बसोबास गर्ने १२ घरका पुरूष २५ र महिला ३३ गरी ५८ जना कुमाल रहेका छन्। जसले आफूलाई कुसुन्डाको सन्तान मान्दछन्। भक्ते कुसुन्डाले कुमाल युवतीसँग विवाह गरी गाउँमा बस्न थाले र उनले थरको रूपमा कुमाल लेख्न थालेको पाइन्छ। उनका सन्तानहरूले नेपाली नागरिकताको प्रमाणपत्रमा थरको रूपमा कुमाल लेखिएको छ। आफू कुसुन्डाको सन्तान भएकाले नेपाली नागरिकताको प्रमाणपत्रमा कुसुन्डा थर कायम गर्नका लागि चैलाही गाउँ विकास समिति, लमही, नेपाल आदिवासी जनजाति महासंघ, काठमाडौं, नेपाल कुसुन्डा विकास समाज, दाङ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, काठमाडौंमा अनुरोध गरेको र ती संस्थाहरूले जिल्ला प्रशासन कार्यालय दाङलाई कुमाललाई कुसुन्डा थरका रूपमा कायम गरी नागरिकताको प्रमाणपत्र उपलब्ध गराइदिन सिफारिस गरेको पाइएको छ। ती कुमालहरूले अझै पनि कुसुन्डाको संस्कारहरू अपनाएको पाइन्छ ।यद्यपि उनीहरूले कुसुन्डा समुदायको आधिकारिक पहिचान पाउन सकेका छैनन्। आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि,१९८९(नं.१६९) र आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले उनीहरूको स्वपहिचानलाई सम्मान गरेको सन्दर्भमा स्थानीय प्रशासन र स्थानीय

तहले यस मामिलामा मिहिन अध्ययन गरी ती नागरिकको सरोकार तथा चासोलाई कानूनी, व्यवस्थापकीय र व्यवहारगत निरूपण गर्नु मनासिब देखिन्छ।

## ५.३. भूमि अधिकार

गोरखा, तनहुँ, प्यूठान, रोल्पा र दाङ जिल्लाको घोराही उपमहानगरपालिका वडा नं. १२ मा बस्ने एक परिवार र तुल्सीपुर उपमहानगरपालिका वडा नं. ४ मा बस्ने एक परिवार कुसुन्डाको आफ्नै स्वामित्वमा जग्गा रहेको छ। तनहुँ जिल्लामा बसोबास गरिरहेका १ घर कुसुण्डालाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल आदिवासी जनजाति महासंघले जग्गा किनेर घर बनाई बसोबास गराइएको पाइएको छ।

आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १९८९ (नं.१६९)को धारा १३ अनुसार आदिवासी जनजातिको सामुहिक पक्षसँग भूमिको विशेष महत्व राख्दछ तर कुसुन्डा समुदायसँग अत्यन्त न्यून भूमिमा मात्र आफ्नो स्वामित्व छ। त्यो पनि पछाडि खरिद गरिएको जग्गा हो। उनीहरूको परम्परागत सामुहिक भूस्वामित्व आधुनिक राज्य व्यवस्थामा अस्तित्वमा देखिन्न। धेरैजसो कुसुन्डाहरू ऐलानी र वनको जग्गामा बसोबास गरिरहेको पाइएको छ।

वर्षौंदेखि भोगचलन गर्दै आइरहेको जग्गामा आफ्नो स्वामित्व नहुँदा सार्वजनिक संस्थाहरुले आफ्ना सम्पतिको संरक्षणको गर्ने क्रममा कुसुन्डा समुदाय प्रभावित भएको देखिन्छ। दाङको अम्वापुरमा एक

कुसुन्डा परिवारले उपभोग गर्दै आइरहेको ऐलानी जग्गामा खानेपानी कार्यालयले तारबार गर्दा दाङ जिल्लाको ती कुसुन्डा परिवारले परम्परागत उपयोग गरेको भूमिमा हस्तक्षेप भएको भन्ने गुनासो स्थलगत अध्ययनको क्रममा प्राप्त भएको छ। यी सार्वजनिक संस्थाले भूमि सम्बन्धी अधिकार, आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १९८९ (नं.१६९) र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ का व्यवस्थालाई सम्मान गरिएको देखिएन।

अक्सर कुसुन्डाहरूले उपभोग गरिरहेको जग्गाबाट बढीमा ३ देखि ४ महिना मात्र खान पुग्दछ। अन्तर्जातीय विवाह गरेर गाउँमा बस्न थाले पछि कुसुन्डाहरूले खेती गर्न सिकेको जानकारी पाइएको छ। उनीहरूको गाउँमा जग्गा जमिन थिएन। विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्रमा नेपाललाई प्राप्त आदिवासी समुदायको आफ्नो भूमिको उपयोग गर्ने सम्बन्धी अधिकार सम्बन्धित कानुनमा सुनिश्चित गर्ने सिफारिस तीन तहका सरकारले मनन् गर्नुपर्ने देखिन्छ।

***तालिका नं. ३ कुसुन्डा समुदायले भोगचलन गरिरहेको भूमिको अवस्था***

| **क्र.सं.** | **जिल्ला** | **पालिका** | **जग्गाको किसिम** | **क्षेत्रफल** |
|---|---|---|---|---|
| १. | गोरखा | गोरखा-११ | दर्ता | ३ आना |
| २. | तनहुँ | ब्याँस-१० | दर्ता | १ रोपनी |
| ३. | कपिलवस्तु | वाणगङ्गा-६ | ऐलानी | ८ कठ्ठा |
| ४. | प्यूठान | ऐरावती-६ | दर्ता | १ रोपनी |
| | | सरूमारानी-६ | दर्ता | ३ रोपनी |
| | | स्वर्गद्वारी-२ | दर्ता | ३ रोपनी |
| ५. | रोल्पा | रून्टिगढी-६ | दर्ता | ००५१० |
| ६. | दाङ | घोराही-१२ | दर्ता+ऐलानी | १+२ कठ्ठा |
| | | घोराही-१४ | ऐलानी | घोराही-१४ |
| | | घोराही-१८ | ऐलानी | २ कठ्ठा |
| | | घोराही-१८ | ऐलानी | १ कठ्ठा |
| | | घोराही-१८ | ऐलानी | ४ कठ्ठा |
| | | तुल्सीपुर-४ | दर्ता | ३.५ कठ्ठा |
| | | तुल्सीपुर-४ | ऐलानी | ३ कठ्ठा |
| | | तुल्सीपुर-४ | ऐलानी | २.५ कठ्ठा |
| | | राजपुर-७ | ऐलानी | ५ कठ्ठा |
| | | राजपुर-७ | ऐलानी | १.५ कठ्ठा |
| | | गढवा-१ | ऐलानी | ५ कठ्ठा |
| ७. | सुर्खेत | गुर्भाकोट-५ | अरूको कमाएको | |
| | | भेरीगङ्गा-२ | ऐलानी | ३ कठ्ठा |

**स्रोतः स्थलगत सर्वेक्षण,२०८१**

नेपालमा नागरिकले जोतभोग गरिरहेको जग्गा नापी वा दर्ता भइ औपचारिक पद्धतिमा आइसकेको छैन। जसले गर्दा उनीहरूले त्यसबाट पाउने अधिकतम लाभ लिन पाएका छैनन् र निम्न स्तरको जीवन बाँचिरहेका छन्। उनीहरूले परम्परागत रूपमा उपयोग गरि जग्गा मार्फत आर्थिक कारोबार गर्न पाएका छैनन्। खरिद्, बिक्री, ऋण चाहिएको समयमा सो घर वा जग्गा राखेर ऋण लिन पाएका छैनन्। धरौटी राख्ने आधार नभएकाले गरिबीको चक्रबाट माथि आउन सकेका छैनन्। राजपुर गाउँपालिकामा कसुण्डाहरु बसोबास गरिरहेको भुभाग वन क्षेत्रमा पर्ने भएकोले उनीहरु भूमि अधिकारबाट वञ्चित भएको देखिन्छ। त्यस्ता नागरिकको जीविकोपार्जन सुनिश्चित गर्न, गरिबी घटाउन र भोकलाई अन्त्य गर्न भूमिहीनलाई भूमि अधिकार सुनिश्चित हुन जरूरी छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ले आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरूको स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्दछन् भन्ने व्यवस्था भएपनि कुसुन्डा समुदायको हकमा कार्यान्वयन भएको देखिन्न । दिगो विकास लक्ष्य नं १ ले हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीबी अन्त्य गर्ने सवालमा राष्ट्रियरूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणालीहरू सन् २०३० सम्ममा सङ्कटग्रस्त र कमजोर अवस्थामा रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने तथा सङ्कटग्रस्त अवस्थाहरूमा रहेका मानिसहरूको उत्थानशीलता निर्माण गर्ने तथा कमजोरीपनालाई कम गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी

रूपमा स्थानीयकरण गर्न उल्लेख्य सुधार गर्नुपर्ने कुसुन्डा समुदायको मामिलामा देखिन्छ।

## ५.४. महिला अधिकार

महिलाले समाजमा स्वतन्त्रतापूर्पक जीवनयापन गर्न पाउनु नै महिला अधिकार हो। नागरिकताको हक, हिंसा विरूद्धको हक, प्राकृतिक स्रोत साधनमा पहुँच, स्थानीय निकायमा सहभागिता, निर्णायिक क्षेत्रमा संलग्नता, शिक्षा, स्वास्थ्य, रोजगारीमा आदिमा विशेष अधिकार हुनु नै महिला अधिकार हो। शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य हिंसाजन्य कार्य नगरिने भनी महिलाको लागि संविधानको मौलिक हकमा व्यवस्था गरिएको अवस्था छ।

धेरैजसो कुसुन्डा महिलाहरू घरको काम गर्दछन्। वनमा बस्दा पुरूषहरू सिकार खेल्थे र महिलाहरू सागपात खोज्ने र दाउरा-पानी गर्ने गर्थे। खानेकुरा अभाव भएको बेला कुसुन्डा महिलाहरू गाउँमा माग्न जाने गर्दथे। धेरै तरूल, सागपात सङ्कलन भएको बेला र कालिज लगायत चराचुरूङ्गी समातेको बेला गाउँमा आएर साट्ने गर्थे। पहिला पहिला कुसुन्डा समुदायमा महिलाहरू निर्णायिक भूमिकामा रहने भए पनि पछिल्लो समय महिला र पुरूष दुवैको सल्लाहमा घर परिवारका व्यवहारहरू संचालन गर्ने गरेको पाइएको छ।

समग्रमा महिलाको मानव अधिकारको प्रत्याभूति हुनु नै महिला सशक्तीकरण हो। यद्यपि कुसुन्डा समुदायका महिलाहरूको सशक्तीकरण हुन सकेको देखिदैन। अशिक्षा वेरोजगारी र गरिबीका

कारण कुसुन्डा समुदाय नै मारमा परेको कारण महिलालाई छुटै हक अधिकारको प्रत्याभुति हुनु आफैमा एक चुनौतीको विषय हो। अतः कुसुन्डा समुदायको महिला अधिकार सुनिश्चित गर्न र सशक्तीकरणको लक्ष्य प्राप्त गर्न सबै पक्ष र क्षेत्रमा सुदृढीकरण गर्दै सकारात्मक प्रतिबद्धताका साथ राज्यका सबै तह, निकाय र संरचना, सामाजिक संघ संस्था, विकास साझेदार, राजनीतिक दल, नागरिक समाज र सरोकारवाला पक्षले आ-आफ्नो ठाउँबाट महिला सशक्तीकरणका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ। महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को प्रभावकारिता सन्दर्भमा सन् २०२२ मा जारी आदिवासी जनजाति महिला तथा किशोरीको अधिकारसम्बन्धी सामन्य टिप्पणी नं.३९ अनुसार यो महासन्धिको विभिन्न धारा कार्यान्वयन सवालमा आदिवासी जनजाति महिला तथा किशोरीहरूमा हुने लैङ्गिक विभेद् विरूद्ध संरक्षण, राजनीतिक तथा सार्वजनिक जीवनमा उनीहरूको प्रभावकारी सहभागिता, शिक्षा, रोजगारी, स्वास्थ्य, संस्कृति, भूमि तथा प्राकृतिक स्रोतमाथीको अधिकार, खाद्य अधिकार, दिगो तथा स्वच्छ वातावरणको अधिकार स्थापित गर्नु पर्ने सवालमा राज्यको भूमिका थप स्पष्ट पारेको सन्दर्भलाई राज्यका निकायहरूमा अन्तरक्षेदीय संवेदनशीलता अत्यावश्यक देखिन्छ।

## ५.५. रोजगारीको अधिकार

कुसुन्डा समुदायको बसाइको अवस्था फेरिएसँगै यिनीहरूको पेसागत अवस्थामा पनि परिवर्तन आएको छ। प्रत्येक नागरिकलाई आफूले

चाहेको रोजगारी छनोट गर्न पाउने अधिकार रहेको छ। प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न रोजगारीको हक सम्बन्धि ऐन, २०७५ कार्यान्वयनमा रहेको छ।

केही कुसुन्डा पुरूषहरू यातायातका साधन चलाउने, बाख्रा पालन गर्ने र आफ्नै अटो रिक्सा चलाउने कार्यमा संलग्न रहेको पाइएको छ। केही कुसुन्डा युवाहरू ज्याला मजदुरीको काम गर्न भारतलगायत खाडी मुलुकमा समेत रोजगारीका लागि जाने गरेको छ भने कतिपय कुसुन्डा ज्यामी मिस्त्रीको काम गरेर जीवन निर्वाह गर्ने गरेको पाइएको छ। धेरैजसो कुसुन्डा महिलाहरू घरको कामका साथै कृषि कार्यमा संलग्न छन्। एक दुईजना महिला पसल गर्ने र व्यवसायमा संलग्न रहेको पाइएको छ।

एकजना कुसुन्डा युवा सशस्त्र प्रहरीमा कार्यरत रहेको पाइएको छ। एकजना कुसुन्डा महिला नगरपालिकाको कुचिकारको रुपमा रोजगारीमा रहेको पाइएको भने एकजना युवती गैरसरकारी संस्थामा कार्यरत रहेको पाइएको छ। तनहुँ जिल्लामा भएको एक घर परिवार रहेको कुसुन्डाको लागि व्यास नगरपालिकाले नगरपालिकामा नै रोजगारी प्रदान गरी सामाजिक सुरक्षाको उच्चतम नमुना प्रस्तुत गरेको देखिन्छ। आफ्नो शैक्षिक योग्यताअनुसार राज्यले रोजगारीको अवसर दिनुपर्ने कुसुन्डा समुदायको माग रहेको छ। कमाइ गरीखाने जमिन नहुँने कुसुन्डा समुदायको लागि सीप अनुसारको रोजगारी


दिने तथा सीपमुलक आयआर्जनको कार्यक्रमहरू ल्याएर आत्मनिर्भर हुन सहयोग गर्नु पर्ने मागहरू रहेको पाइएको छ।

नेपालको संविधानको धारा ३३ अनुसार प्रत्येक नेपालीलाई रोजगारीको मौलिक हक प्रत्याभूत भएको सन्दर्भमा लोपोन्मुख कुसुन्डा समुदायको बेरोजगार व्यक्तिलाई शैक्षिक योग्यता अनुसारको रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने, दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन र विस्तार गर्ने, सरकारी, निजी तथा गैरसरकारी क्षेत्रहरू बीचको समन्वय र सहकार्यमा रोजगारीको अवसर सिर्जना गरी कुसुन्डा समुदायको रोजगारीको अधिकारको संरक्षण गर्नु पर्ने देखिन्छ। यस्ता सामुहिक पहलले नेपालको संविधानको धारा ४२ उपधारा १ मा उल्लिखित अल्पसङ्ख्यक समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता हुने सामाजिक न्यायसम्बन्धी मौलिक हक र उपधारा २ मा उल्लिखित लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यन्न र सामाजिक सुरक्षामा विशेष अवसर र लाभ पाउने मौलिक हक सुरक्षित गरी सामाजिक न्याय दिन सकिन्छ।

## ५.६. शिक्षाको अधिकार

शिक्षा मानिसलाई पूर्ण बनाउने एउटा प्रक्रिया हो। व्यक्तिको बौद्धिक, शारीरिक, सामाजिक, आर्थिक, सांस्कृतिक, नैतिक, भौतिक आदि प्रत्येक क्षेत्रको सर्वाङ्गीण विकास गराउनु नै शिक्षाको कार्य

हो। शिक्षा एक आधारभूत मौलिक अधिकार हो। विनाभेदभाव सबैले शिक्षा पाउनु पर्छ। शिक्षाको मानव अधिकारको अवधारणाले अनौचारिक शिक्षाका विभिन्न स्वरूप तथा औचारिक शिक्षाका विभिन्न तहलाई समेट्दछ। संविधानले नै मातृभाषामा शिक्षा लिन पाउने मौलिक हकको व्यवस्था गरेका कारण केही स्थानीय तहले पाठ्यक्रम निर्माणको तयारी गरिरहेका छन्। नेपालको संवैधानिक र नीतिगत व्यवस्थाअनुसार स्थानीय तहले आफ्नो क्षेत्रको मातृभाषा, लिपि, साहित्य एवं संस्कृतिको संरक्षण र विकासका लागि आधारभूत तह (कक्षा १-८) सम्म सो भाषाको पठनपाठन गराउन, पाठ्यक्रम निर्माण गर्न र स्थानीय पाठ्यक्रम लागू गर्न सक्छन्। 'राष्ट्रिय शिक्षा नीति, २०७६'ले पनि स्थानीय तहलाई यो अधिकार प्रत्यायोजन गरेको छ, जसले सांस्कृतिक सम्वर्द्धनमा सहयोग पुऱ्याउँने देखिन्छ।



औपचारिक शिक्षामा कुसुन्डा समुदाय अग्रसर भएको देखिन्छ। भर्खरै मात्र गाउँमा बस्न शुरू गरेका कुसुन्डाको पुरानो पुस्ता साक्षर नभए पनि नयाँ पुस्ताका कुसुन्डा बालबालिकाहरू विद्यालय जान थालेका छन्। हाल कुसुन्डा समुदायमा शिशु कक्षादेखि स्नातक तहसम्म ५९ जना बालबालिकाहरू अध्ययन गरिरहेको देखिन्छ। जसमध्ये शिशु कक्षामा ८ जना, आधारभूत तहमा सबैभन्दा बढी ३१ जना, मा.वि. तह १० कक्षासम्म १० जना, १२ कक्षासम्म ३ जना, १२ कक्षा पास गर्ने ५ जना र स्नातक तहमा २ जना अध्ययन गरिरहेको पाइएको छ। कुसुन्डा समुदायमा अध्ययनरत विद्यार्थीको सङ्ख्या हेर्दा यो समुदायका धेरैजसो बालबालिका औपचारिक शिक्षा हासिल गरिरहेको देखिन्छ। औपचारिक शिक्षाको लागि निःशुल्क शिक्षा हुन्छ भनेर सरकारी विद्यालयमा बालबच्चा पढाउने गरेको भएता पनि विभिन्न बहानामा शुल्क लिने गरेको गोरखा जिल्लाका कुसुन्डाहरूको गुनासो रहेको अवस्था छ। यो मामिलामा नेपालको संविधानको धारा ४२ उपधारा २ ले लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षामा विशेष अवसर र लाभ पाउने सामाजिक न्याय सम्बन्धी मौलिक हकको कार्यान्वयन प्रभावकारी भएको पाइएन।

*तालिका नं. ४ कुसुन्डा समुदायको शैक्षिक अवस्था*

| क्र.सं | शिशु कक्षा | | आ.भू. तह | | मा.वि. तह | | | | | | स्नातक तह | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १० सम्म | | १२ सम्म | | १२ पास | | | | |
| १ | पु. | म | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | |
| | ४ | ४ | १४ | १७ | ३ | ७ | १ | २ | १ | ४ | १ | १ | |
| जम्मा | ८ जना | | ३१ जना | | १० जना | | ३ जना | | ५ जना | | २ जना | | ५९ |

*राष्ट्रिय मानव अधिकार आयोग*

स्रोतः स्थलगत अध्ययन २०८१/०८२

## ५.७. भाषाको अधिकार

नेपालका आदिवासी जनजातिका भाषाहरू धेरैजसो अलिखित छन्। आदिवासी जनजातिहरूले आफ्नै भाषामा लेखन पद्धतिहरू विकास गर्न खासै प्रोत्साहन पाएको देखिँदैन। भाषाका वक्ता सङ्ख्या कम हुँदै जानु भनेको लोपोन्मुख अवस्थामा पुग्नु हो। कुसुन्डा भाषा यसको एक उदाहरण हो। राज्यले लोपोन्मुख अवस्थामा रहेका तथा लोप हुन लागेका भाषालाई पुनरूत्थान गर्न आवश्यक देखिन्छ।

भाषा र संस्कृति कुनै पनि समाजलाई चिनाउने सशक्त आधार हो। नेपालमा भाषालाई जातीय चिनारीको आधारमध्ये एक प्रमुख आधार मानिएको छ। प्राचिन समयदेखि बसोबास गर्दै आएका विभिन्न मानव समुदायले निर्माण गरेका भौतिक-अभौतिक संस्कृतिका विविध रूपहरू नेपालका सांस्कृतिक पहिचानका रूपमा रहेका छन्। नेपालमा विश्व भाषा परिवारका भारोपेली, चीनिया-तिब्बती, आग्नेली, द्रविड र एकल (कुसुन्डा) भाषाहरू छन्। कुसुन्डाको आफ्नै भाषा छ। कुसुन्डा शब्दले कुसुन्डा जाति र कुसुन्डा भाषा दुवैलाई जनाउँछ। कुसुन्डाले बोल्ने भाषालाई कुसुन्डा (ISO 639-3 code kgg, Glottolog code kusu 1250) भाषा (गिपन) भनिन्छ। यो भाषा अलग्गै भाषा परिवारको प्रतिनिधि र प्राचीन भाषा हो। एथ्नोलग (Ethnologue, Languages of Nepal 2012) मा कुसुन्डा भाषाको भाषा परिवार एकल उल्लेख गरिएको छ। वंशगत आधारमा कुनै परिवारका भाषासँग नमिल्ने भएको हुनाले यसलाई एकल परिवारको भाषा मानिएको हो।

बच्चाको बोली फुटेदेखि परिवारमा बोल्दै आएको पहिलो भाषालाई मातृभाषा भनिन्छ। जङ्गलमा रहँदासम्म कुसुन्डाहरूले आफ्नै भाषामा कुराकानी गर्दथे। उनीहरू जब विभिन्न ठाउँमा छरिएर बस्ने थाले, तब भाषाको प्रयोग घट्दै गयो। गाउँलेसँग बढी बोलिने भाषा नेपालीमा कुराकानी गर्न थाले र बिस्तारै नेपाली भाषा नै प्रयोग गर्न थाले। अहिले कुसुन्डा भाषा दैनिक जीवनमा प्रयोग हुन छोडेको छ। कुसुन्डा भाषाको पूर्ण वक्ता ज्ञानीमैयाँ सेन कुसुन्डाको निधन पश्चात अहिले कुसुन्डा भाषाको एकजना मात्र वक्ताको रूपमा कमला सेन कुसुन्डा रहेकी छन् (भाषा आयोग-कुसुन्डा भाषा इतिहास,२०७५) । जनगणना २०७८ ले कुसुन्डा भाषा बोल्नेहरूको सङ्ख्या २३ जना उल्लेख गरेको पाइन्छ। घोराही उपहानगरपालिका-१८ का प्रेमबहादुर शाही, राजपुर गाउँपालिका-७ का गोविन्दबहादुर ठकुरी र वाणगङ्गा नगरपालिका-६ का गुञ्जबहादुर शाही कुसुन्डा भाषाको केही शब्दहरू मात्र बोल्न सक्नेमा पर्दछन। जातीय चिनारी जोगाउन मातृभाषाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

कुनै पनि भाषा यसका वक्ताका लागि सञ्चारको माध्यम भाषा मात्र नभइ समग्र पर्यावरणको लागि समेत महत्वपूर्ण हुन्छ। भाषा लोप हुँदा त्यस भाषामा रहेका विशिष्ट विशेषता, त्यस भाषामा अन्तर्निहित विश्वदृष्टिकोण र विशिष्ट ज्ञान समेत लोप हुने
गर्दछ। भाषा लोप हुँदा परम्परागत रूपमा प्रयोग हुँदै आएका औषधिजन्य वनस्पतिबारे ज्ञान र उपयोग समेत लोप हुने गर्दछ। कुसुन्डा भाषा लोप हुँदै जानुमा दैनिक जीवन, सांस्कृतिक या धार्मिक व्यवहारमा यस भाषाको प्रयोग नहुनु, अन्तर्जातीय विवाह

गर्नु, परम्परागत वासस्थान, जीवनशैलीमा आएको परिवर्तन र अन्य समुदायका मानिससँग घुलमिल हुनु हो।

निकै कम वक्ता भएका र लोपोन्मुख भाषाको अभिलेखीकरण र ती भाषालाई शिक्षामा प्रयोग गर्ने विषयमा केही प्रयत्नहरू भएका छन्। मातृभाषाको माया र महत्वका कारण यतिबेला कुसुन्डाहरू आफ्नो भाषा खोज्ने, सिक्ने, सिकाउने र बोल्ने अभ्यासमा सक्रिय हुन थालेको पाइन्छ। कुसुन्डा भाषा संरक्षण, पुनर्जीवन र नयाँ पुस्तामा पुस्तान्तरण गर्न भाषा आयोग, काठमाडौं, लमही नगरपालिका र घोराही उपमहानगरपालिका, दाङको सहयोग र नेपाल कुसुन्डा विकास समिति, दाङको व्यवस्थापनमा विभिन्न चरणका कुसुन्डा भाषा कक्षा संचालन भइरहेको पाइन्छ।

*तालिका नं. ५. कुसुन्डा भाषा पुस्तान्तरण कक्षामा सहभागी कुसुन्डा तथा गैरकुसुन्डा विद्यार्थीहरू*

| क्र. सं. | वर्ष | समयावधि (घन्टा) | आयोजक | कुसुन्डा | | गैरकुसुन्डा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पु. | म. | पु. | म. | |
| १. | २०७५ | ९० | भाषा आयोग र लमही न.पा. | ८ | ९ | २ | १ | २० |
| २. | २०७७ | ६० | भाषा आयोग र घोराही उ.म.पा. | ५ | ५ | - | २ | १२ |
| ३. | २०७८ | ६० | भाषा आयोग र घोराही उ.म.पा. | ३ | ५ | | ३ | ११ |
| ४. | २०७९ | ६० | भाषा आयोग र घोराही उ.म.पा. | ३ | ४ | | ४ | ११ |
| ५. | २०८० | ६० | भाषा आयोग र घोराही उ.म.पा. | ३ | ४ | | ४ | ११ |
| ६. | २०८१ | ६० | भाषा आयोग र घोराही उ.म.पा. | ३ | ९ | | ४ | १६ |
| ७. | २०८१ | १२० | आर्काभ नेपाल, काठमाडौं | २ | ४ | | ४ | १० |
| जम्मा | | ५१० | जम्मा | २७ | ४० | २ | २२ | ९१ |
| | | | | ६७ जना | | २४ जना | | ९१ जना |

**स्रोतः (आले, २०७९)**

कुसुन्डा भाषा नयाँ पुस्तामा पुस्तान्तरण कक्षामा रोल्पा, प्यूठान, दाङ देउखुरी र सुर्खेतका गरी चार जिल्लाका विद्यार्थीहरूले सात वर्षमा ५१० घन्टा कुसुन्डा भाषा पढिसकेको देखिन्छ। कुसुन्डा भाषाबारे औपचारिक एवं अनौपचारिक छलफल, गोष्ठी र भाषा पुस्तान्तरण कक्षाले कुसुन्डाका नयाँ पुस्ता कुसुन्डा भाषा बोल्न, बुझ्न र लेख्न सक्ने भएको देखिन्छ। कुसुन्डा भाषा कक्षामा सहभागी केही कुसुन्डा विद्यार्थीहरूले फेसबुक, टिकटक लगायतका सामाजिक सञ्जालमा कुसुन्डा भाषा प्रयोग गर्न थालेको पाइएको छ। यसरी सञ्चार माध्यम र नवीनतम प्रविधिको क्षेत्रमा मातृभाषाको प्रयोगले भाषाको विस्तारमा सहयोग पुऱ्याउन सक्ने देखिन्छ। मातृभाषा शिक्षामा भएको यो प्रयास प्रयाप्त भने होइन। मातृभाषा प्रभावकारी रूपमा कार्यान्वयन गराउन जनप्रतिनिधि तथा अभिभावकलाई मातृभाषा शिक्षाको महत्व बुझाउन जरूरी देखिन्छ।

वक्ता सङ्ख्या न्यून हुँदै लोपोन्मुख हुन पुगेका भाषालाई अभिलेखीकरण गर्नुका साथै मातृभाषीहरूलाई व्यापक प्रयोगका लागि प्रोत्साहन गर्न आवश्यक देखिएको छ। साथै, कुसुन्डा भाषाको आवश्यक पाठ्यसामग्री निर्माण गरी कुसुन्डा जातिका प्रौढलाई प्रारम्भिक चरणको भाषा सिकाउनु पर्ने देखिएको छ। समुदायमा सङ्गठित रहेका समिति वा समूहले पनि मातृभाषाको विकासमा विभिन्न तरिकाबाट सहयोग पुऱ्याउन सक्दछन् । मातृभाषामा शिक्षाको अभावले भाषा लोप हुँदै गइरहेको अवस्था छ। यदि कुनै भाषाको लिखित रूप छैन भने त्यसमा साक्षरता दर शुन्य मानिन्छ। संविधानले मातृभाषामा शिक्षाको अधिकार सुनिश्चित गरेता पनि नेपालमा न्यून साक्षरता दरहरूले के प्रतिबिम्बित गर्छन् भने

मातृभाषा शिक्षालाई प्रयोगमा ल्याउन अझै बाँकी छ। यद्यपि देवनागरी लिपि प्रयोग गरेर कुसुन्डा भाषाको पठनपाठनको प्रयास गरिएको छ।

नेपाली र अङ्ग्रेजी भाषा प्रयोगका कारण अल्पसङ्ख्यकले बोल्ने भाषा लोप हुँदै गइरहेको छ। औपचारिक शिक्षामा लोपोन्मुख भाषालाई रोजगारीसँग जोड्न सकियो भने वक्ता सङ्ख्या बढ्न सक्ने देखिन्छ। शिक्षाको विकास निरन्तर चलिरहने प्रक्रिया भएकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी, गैरसरकारी संस्थाहरूले शिक्षाको विकासका लागि विभिन्न कार्यक्रम एवं परियोजनाहरू सञ्चालन गर्न आवश्यक छ। नेपाल सरकारले अल्पसङ्ख्यक एवं लोपोन्मुख समुदायका विद्यार्थीलाई माध्यमिक तहसम्मको निःशुल्क शिक्षा प्रदान गर्ने उद्देश्यले घोराही उपमहानगरपालिका- ५, महेन्द्र मा.वि. धर्नामा २० जना विद्यार्थीहरूलाई आवासीय व्यवस्था गरेको पाइएको छ। वि.सं. २०७३ सालदेखि उक्त विद्यालयमा कुसुन्डा विद्यार्थीहरू अध्ययनरत छन् । हाल वादी, माझी र कुसुन्डा समुदायका गरी २० जना छात्र र छात्रालाई आवासीय व्यवस्था गरिएको छ।

*तालिका नं. ६.महेन्द्र मा.वि. धर्नामा अध्ययनरत कुसुन्डा विद्यार्थीहरू*

| क्र.सं. | जिल्ला | पु. | म. | जम्मा |
|---|---|---|---|---|
| १. | प्यूठान | २ | २ | ४ |
| २. | दाङ |  | १ | १ |
| ३. | सुर्खेत | १ | ३ | ४ |
|  | जम्मा | ३ | ५ | ९ |

**स्रोतः स्थलगत अध्ययन २०८१/८२**

भाषा संरक्षण तथा संवर्धनमा विभिन्न निकायबाट छरिएर गरिएका कार्यक्रमबाट अपेक्षित परिणाम प्राप्त हुन सकेको अवस्था देखिँदैन। भाषिक अल्पसङ्ख्यकले पनि आफ्नो पहिचान, भाषा र संस्कृतिलाई कायम राख्न र निरन्तरता दिन अल्पसङ्ख्यक भाषाको संरक्षण तथा प्रयोगमा विस्तार गर्नुपर्छ। कुसुन्डा भाषा हराएर जानुभन्दा अघि नै स्तरीय शब्दकोश, व्याकरण, कृति लेखन र प्रकाशन गरी भाषिक संरक्षणमा अग्रसर हुन आवश्यक देखिएको छ। भाषिक समुदायको तत्परता र सक्रियता नै कुनै पनि भाषा समुन्नतिको प्रमुख आधार हो ।

कुसुन्डा भाषा विकासका लागि राज्य, स्थानीय तह, कुसुन्डा समुदाय र भाषासँग सम्बन्धित निकायले समयमा नै ध्यान दिनुपर्ने देखिएको छ। गोरखापत्रमा हाल ४४ वटा भाषामा समाचार लगायत लेख-रचनाहरू प्रकाशन भइरहेका छन् कुसुन्डा भाषालाई पनि समावेश गर्न सकेमा यस भाषाको विकास र अभिलेखीकरणमा टेवा पुग्नेछ।

नेपालमा नेपाली भाषा नै सम्पूर्ण सरकारी कामकाजका साथै आमसञ्चार, शैक्षिक, धार्मिक, व्यापारिक क्षेत्रमा प्रयोग गरिन्छ। कुसुन्डा समुदाय आफैमा अल्पसङ्ख्यक छ, राज्यको मूलधारभन्दा टाढा र गरिबीमा बाँचेको छ। त्यसैले उनीहरू आफैले भाषाको विकास गर्न सक्ने अवस्था छैन। कुसुन्डा भाषा भाषाशास्त्रीहरूको लागि शैक्षिक चासोका विषय मात्र भएको छ। राज्यले लोपोन्मुख भाषा संरक्षण गर्नुपर्छ भनिरहेको छ तर ठोस रूपमा संरक्षण र विकासका लागि पहल गर्न नसक्दा गम्भीर सङ्कट देखिएको छ। लोपोन्मुख भाषाको संरक्षण र विकास गर्ने काम राज्यको दायित्व हो। कुसुन्डा समुदायले संरक्षणको माग गर्नु उनीहरूको अधिकार हो। लोपोन्मुख कुसुन्डा भाषा संरक्षणको लागि नेपालको संविधान, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, आदिवासी जनजाति आयोग ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ आदिले परिभाषित गरेको भूमिका र दायित्वप्रति सर्वपक्षीय चासो जरूरी छ।

## ५.८. साँस्कृतिक अधिकार

कुसुन्डाको चिनारी नै धनुकाँड हो। धनुकाँड भिरेको, कछाड, भोटो लगाएको र शिरमा फेटा बाँधेको आकृति नै कुसुन्डाको परिचय हो। पहिला कुसुन्डाका पुरूषको पहिरन कछाड र गादो हुन्थ्यो। तर अचेल भने गाउँलेहरूको जस्तै सामान्य पहिरन हुन्छ। महिलाहरू गुन्यू, चोली पटुकी, घलेक र मुगा, बाला, औंठी जस्ता गहना लगाउने गर्दछन्। अनुगमनका क्रममा गोरखा जिल्लामा रहेको गोरखा

सङ्ग्राहलयमा कुसुन्डाको पहिचान झल्किने मुर्ति सङ्ग्रहित भएको पाइएको छ।

हिन्दू समाजका व्यक्तिको झैं कुसुन्डाहरूले पनि बच्चा जन्मे पछि ११ दिनमा न्वारान, उमेर पुगे पछि विवाह र मृत्यु भएमा १३ दिनसम्म किरिया बस्ने चलन छ। विवाह गर्दा आफ्नोभन्दा फरक थर खोज्ने गरिन्छ। कसैको मृत्यु भएमा गाड्ने गरिन्छ र मृतकले प्रयोग गरेका सामग्री (धनुकाँड, लुगा, छुरी, सुल्पा, कोदाली) चिहानमाथि राख्ने गरिन्छ। फिरन्ते जीवन त्यागि आधुनिक समाजका चालचलन रहनसहनको प्रभावसँगै कुसुन्डा समुदायले बिस्तारै आफ्ना भाषा संस्कृति बिर्सदै गएको र अरूको संस्कृतिलाई अंगाल्दै गएको देखिन्छ। अन्य जातिहरूको बस्ती बीचमा एक/दुइ घर कुसुन्डाको बस्ती हुनु तथा एकिकृत बस्ती नहुनुले पनि कुसुन्डा समुदायलाई गैर कुसुन्डा समुदायको संस्कृति तथा चालचलन अंगाल्नु परेको देखिन्छ। अन्य जातिहरूसँगको विवाह कुसुन्डाहरूमा सामान्य जस्तै बनिसकेको देखिन्छ। लोपोन्मुख अवस्थामा रहेको कुसुन्डा समुदायको एकिकृत समाज नहुनु नै उनीहरुको संस्कृतिको जगेर्नाको मुख्य चुनौती बनेको देखिन्छ। कुसुन्डा समुदायको विवाह र मृत्युजस्तो संस्कारमा आफ्नो समाज नहुँदा जुन समाजको बाहुल्यता छ त्यहि समाजको संस्कार र संस्कृतिको पालना गर्न बाध्य भएको देखिन्छ। सामान्यतया कुसुन्डाहरूको चालचलन र व्यवहारमा हिन्दू धर्मसंस्कृतिको प्रभाव देख्न सकिन्छ।

कुसुन्डाहरू पहिले जुन अवस्था (वनमा बस्ने) मा थिए, अहिले त्यस अवस्थामा छैनन्। अहिले उनीहरू पूर्ण रूपमा गाउँले र शहरिया

भइसकेका छन्। अन्य समुदायसँग विहेबारी र मिश्रित सामुदायिक वसोबासले उनीहरूको प्रथाजनित सांस्कृतिक गतिविधि क्रमशःलोप हुदै गएको देखिन्छ। नेपाल सांस्कृतिक विविधता र बहुलता भएको मुलुक हो। केही जातीय संस्थाहरूले आफ्नो भाषा तथा संस्कृतिको प्रवर्धन गर्ने प्रयास गरिरहेका छन्। संस्कृति संरक्षण एवं प्रवर्धन गर्नका लागि नेपालको संविधानको मर्मअनुरूप संस्कृतिको संरक्षण एवं प्रवर्धनका निम्ति उपयुक्त नीतिगत, संरचनागत, आर्थिक एवं कानुनी व्यवस्था गर्नु राज्यको दायित्व हो।

## ५.९.खाद्य तथा पोषण अधिकार

प्रकृतिले फरक-फरक प्राणीका लागि फरक-फरक खाद्यस्रोत उपलब्ध गराएको छ। स्वस्थ जीवनका लागि पोषणयुक्त खाद्य आवश्यक पर्दछ। खाद्य भन्नाले जैविक स्रोतबाट प्राप्त सांस्कृतिक रूपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थलाई जनाउँदछ। लोपोन्मुख समूहमा पर्ने कुसुन्डा जाति समाज विकासको क्रममा खेतीपाती प्रणालीमा धेरै पछि मात्र प्रवेश गर्‍यो। त्यहीकारण उनीहरूको जीविकाको सांस्कृतिक सम्बन्ध वन जङ्गलसँग रह्यो। वन जङ्गललाई हेर्ने दृष्टिकोण आ-आफ्ना किसिमका छन्। आदिवासी जनजाति कुसुन्डाका लागि वन जङ्गल घर र खाद्यान्नको स्रोत हो। वन नै घर भएका कारण खेतीपाती उनीहरूको पेसा भएन। अहिले उनीहरू आफ्नो घर र खाद्यान्न ल्याउने ठाउँबाट विस्थापित भएका छन्।

अन्य जातिभन्दा कुसुन्डा जातिको खाद्य संस्कृति फरक रहेको छ। कुसुन्डाहरूको जीविकाको प्रमुख आधार वनमा उत्पादन हुने

खानेकुरा थियो। वनमा बस्दासम्म कुसुन्डाहरू जङ्गलमा घुमफिर गर्ने, धनु-काँडले चरा मार्ने, पासो थापेर कालिज बल्झाउने, गोहोरा समातेर मासु खाने, भार्सेको सिकार गर्ने, तरूल, भ्याकुर, गिठा आदि खनेर खाने गर्दथे। यिनीहरूको मुख्य खान्की तरूल थियो। वनबाट कुसुन्डाहरूले विभिन्न किसिमका खाद्य पदार्थहरू सङ्कलन गर्दथे। वनमा पाइने विभिन्न प्रकारका च्याउहरू जस्तैः दुधे च्याउ (दुध आउने), सल्याने च्याउ (दुध नआउने), पुड्के च्याउ (सुपारी जस्तो फुट्की), कुखुरे च्याउ (कुखुराको सिउँर जस्तो रातो) लगायत निउरो जस्तो सागपात आदि खाने गर्दथे। खेती नगरी वनमा पाइने यस्ता खाद्यान्नहरू ओर्गानिक र पोषणयुक्त हुने, चाहे जति सङ्कलन गर्न सकिने र उत्पादनमा लगानी गर्न नपर्ने भएकाले कुसुन्डाहरूले वर्षौंदेखि उपभोग गरेको पाइन्छ। वनस्रोतमा आधारित खाद्यवस्तुले खान्कीमा विविधता, पौष्टिक तत्व, खनिज एवं भिटामिन थप्ने गर्दछ।

गोहोरोको फूल उसिनेर र मासु पकाएर खाने गर्दथे। कुसुन्डाहरू नङ्ग्रा भएका पशु तथा पंक्षीको मात्र मासु खाने गर्दथे भने खुर भएका जनावरको मासु खाँदैनथे। खानेकुरा अभाव भएको बेला महिलाहरू गाउँमा गाउँमा आटो-पिठो माग्न जाने चलन थियो। गाउँलेको आँगनमा उभिएर "वनराजा वनरानी आए, आटो-पिठो खान देउ" भन्थे। मागेको आटो-पिठो, नुन, तेलका साथै आफैले जम्मा गरेका कन्दमूल, सागपात र मारेका सिकार नै कुसुन्डाहरूको दैनिक आहार थियो। जनसङ्ख्या वृद्धिले प्राकृतिक स्रोत साधन माथि बाह्य चाप बढेको छ। वन संरक्षणका नाममा स्थापित वन्यजन्तु

आरक्ष र राष्ट्रिय निकुञ्जले वन जंगलमा आश्रित समुदायहरूलाई विस्थापित गरेका छन्।

नेपालको संविधान,आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ बमोजिम प्रत्येक व्यक्तिले आफुले छानेको कामबाट जीवन धान्ने अधिकार हुन्छ। यसको सम्मान गर्नु राज्यका निकायको दायित्व हो। जंगलका स्रोतसँग जीविकोपार्जनको परम्परागत निर्भरता रहेको लोपोन्मुख कुसुन्डा समुदायको हकमा पनि जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ को धारा ८(ज)ले आदिवासी जनजातिको जैविक विविधता संरक्षण, दिगो उपयोगसम्बन्धी परम्परागत जीवनशैली, ज्ञान, सीप, नवप्रवर्धन र अभ्यासलाई राष्ट्रिय कानूनले सम्मान, संरक्षण र प्रवर्धन गर्नु पर्ने प्रावधान आकर्षित हुन्छ। यसर्थ वन तथा यससँग जिम्मेवार सार्वजनिक निकायले आदिवासी जनजातिहरूको ज्ञान, सीप, नवप्रवर्धन र अभ्यासको उपयोगको लागि उनीहरूको स्वीकृति र संलग्नतासँगै यसको व्यापक प्रयोगको प्रवर्धन गर्नुपर्दछ। उनीहरू सरोकारवाला रहेकोले यी स्रोतहरूको उपयोगबाट हुने लाभ समान बाँडफाँटमा प्रोत्साहन गर्नुपर्दछ। यसले आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १९८९ (नं.१६९) र आदिवासी जनजातिको अधिकारका लागि संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले सिर्जना गरेको अन्तर्राष्ट्रिय दायित्व त पुरा हुन्छ नै, त्यसको

साथसाथै नेपालको संविधानको धारा ५९(४) को पनि कार्यान्वयन हुन्छ।

विशेषगरी ग्रामीण क्षेत्रमा सीमित स्रोत र साधनले गर्दा कुसुन्डा जस्ता लोपोन्मुख तथा खाद्य अधिकारको जोखिममा रहेका समुदायको परम्परागत अधिकार हनन हुँदै गइरहेको छ ।खाद्य अधिकार सुनिश्चित गर्न समुदायमा जल, जमिन र उत्पादनको माध्यममा पहुँच हुन जरूरी छ। कुसुन्डाहरूको परम्परागत ज्ञानमा आधारित खाद्यवस्तुको पहिचान र त्यसको अभिलेखीकरण गर्दै जानु पर्ने अवस्था छ। सीमित कृषि भूमिमा गरिने कृषि प्रणाली पनि परम्परागत रहेको छ र त्यसका बालीहरू पनि सीमित छन्। खास जनजाति, समुदाय, वर्ग र भूगोल लक्षित खाद्य र पोषण कार्यक्रमहरूको कार्यान्वयनका लागि गैरसरकारी तथा विकास साझेदारहरूसँगको सहकार्य अनिवार्य छ।

नेपालको संविधानद्वारा प्रदत्त नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतासम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने र त्यसको लागि उपयुक्त संयन्त्र निर्माण गर्न तथा खाद्यमा नागरिकको पहुँच सुनिश्चित गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ रहेको छ।

नेपालको संविधानको धारा ३६ अनुसार प्रत्येक नागरिकको खाद्यसम्बन्धी मौलिक हक प्रत्याभूतिको सन्दर्भमा कुसुन्डा समुदायको खाद्य तथा पोषणको अधिकार सुनिश्चित गर्नका निम्ति

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा खाद्य तथा पोषण सुरक्षामा कुनै कारणले पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न तथा आपतकालीन अवस्थामा यथाशीघ्र खाद्य उपलब्ध गराउन आवश्यक उपाय प्रभावकारी रूपमा अवलम्बन गर्नु पर्ने देखिन्छ।

## ५.१०.सहभागिताको अधिकार

अल्पसङ्ख्यक तथा लोपोन्मुख जातिको हक अधिकारको संरक्षण संवर्धन गर्दै उनीहरूलाई अधिकार सम्पन्न बनाइ मूलधारमा ल्याउने जिम्मेवारी राज्यको हो। वास्तविक लक्षित समुदायलाई विकासका हरेक क्रियाकलापमा सहभागी गराउन अति आवश्यक छ। शासकीय अधिकारलाई तल्लो तहसम्म संस्थागत सहभागिता गराउन आवश्यक छ। यसका लागि नागरिक र उनीहरूका प्रतिनिधिलाई अधिकार सम्पन्न बनाउनु पर्दछ। त्यसका निम्ति स्थानीय सरकार, चुनिएका प्रतिनिधि र नागरिकबीचको सम्बन्ध सहज हुनुपर्दछ। जुन काम जसका लागि गरिएको हो, सोही समुदायलाई साधन, स्रोत, अधिकार र जिम्मेवारी दिइ कानुनसम्मत प्रक्रियाबाट सहभागी गराइ सक्रिय बनाउनु पर्दछ।

स्थानीय स्तरको सहभागिताको पक्षलाई हेर्ने हो भने स्थानीय विकासको काममा जनमत सिर्जना गर्न, योजनाको छनौट गर्न, कार्यान्वयनलाई सहज, सरल र समयमा नै सम्पन्न गर्न नागरिक सहभागिताको महत्वपूर्ण भूमिका रहन्छ। जनसहभागिताबाट स्थानीय स्तरका व्यक्ति तथा समुदायहरू संगठित हुने अवसर

पाउँदछन्। स्थानीय तहले समाजका विपन्न तथा पछाडि पारिएका समुदायको सहभागितालाई ध्यान पुऱ्याउनुपर्दछ। स्थानीय तहमा गरिने विकास निर्माण, नीति तर्जुमा, योजना छनौटलगायत विषयहरूमा त्यस्ता समुदायको सक्रिय सहभागिताको सुनिश्चितता हुनु पर्दछ। कुसुन्डा समुदायबाट जनप्रतिनिधिको रूपमा हाल सम्म दुईजनाको सहभागिता रहेको देखिन्छ।

१. गोविन्दबहादुर ठकुरी सहारे तत्कालिन गा.वि.स. वडा नं.१, कुर्मी, सुर्खेत अध्यक्ष-२०४१ सालमा ५ वर्षसम्म।

२.धनबहादुर कुसुन्डा घोराही उपमहानगरपालिकाको कार्यपालिका सदस्य-२०७४ सालमा ५ वर्षसम्म।

## ५.११. प्राकृतिक स्रोतमा पहुँच

मानिसहरू विभिन्न किसिमका प्राकृतिक स्रोतहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपयोग गरिरहेका हुन्छन्। प्राकृतिक स्रोत त्यस्तो वस्तुलाई बुझाउँछ जसलाई मानिसहरूले प्रकृतिबाट प्राप्त गरी उपयोग गर्छन्। जल, जमिन, जङ्गलजस्ता प्राकृतिक स्रोतमा स्थानीय समुदायको अधिकार सुनिश्चित गर्नु पर्ने अहिलेको मुख्य कार्य हो। परम्परागत रूपमा कुसुन्डाहरू घुमन्ते जीवन बिताउने र वनजन्य खाद्यस्रोतमा निर्भर हुने गर्दथे। वनका हिंस्रक जन्तुसँग बचेर कुसुन्डाहरूले सिकारी जीवन सुचारू गरेका थिए। आधुनिक विकासले गर्दा वन जङ्गलको नाश भए पछि यिनीहरूले कन्दमूल र फलफूल जम्मा गर्न सकेनन् र सिकार पनि कम हुँदै गयो। कुसुन्डा समुदायको एकलौटि सिकार गर्ने वनहरूमा बिस्तारै गाउँलेहरूले

पनि सिकार खेल्न थाले। यसरी कुसुन्डाहरूको प्राकृतिक स्रोतमाथिको पहुँच क्रमशःकम हुदै गएको पाइन्छ।

विश्वव्यापी रूपमा मानव समुदायले वैयक्तिक एवं सामुदायिक रूपमा उपभोग गर्न पाउने अधिकारहरू प्रचलनमा छन्। प्राकृतिक स्रोत व्यवस्थापन, स्थानीय जीविकोपार्जन, खाद्यसुरक्षा, राष्ट्रिय अर्थतन्त्र र वातावरणीय सुरक्षाको दृष्टिले महत्वपूर्ण विषय हो। प्राकृतिक स्रोत साधन माथिको बढ्दै गएको बाह्य चाप, वनलाई राष्ट्रियकरण, सामुदायिकरणको असरले गाउँमा बस्ने कुसुन्डाहरुलाई असर पुऱ्याएको देखिन्छ। उनीहरूको मागअनुसार जङ्गल र त्यस अन्तर्गतका प्राकृतिक स्रोतमाथि अधिकार र उपयोग सुनिश्चित हुनुपर्दछ।

वनबाट कुसुन्डा जातिले विभिन्न किसिमका खाद्य पदार्थहरू तथा फलफूल सङ्कलन गर्दथे। साथै, विभिन्न किसिमका जडिबुटी उपयोग गर्दथे। वनपैदावर खाद्यस्रोतमा निर्भर रहने कुसुन्डा जाति गाउँमा बस्न थाले पछि दैनिक उपभोग्य सामग्रीहरू किनेर खान थालेका छन् र हिजोको परम्परागत खान्कीबाट टाढा हुँदै गएका छन्।

नेपालको संविधानको धारा ५९, जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ को धारा ८ (ञ), आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १९८९ (नं. १६९) र आदिवासी जनजातिको अधिकारका लागि संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ मा भएको व्यवस्था सम्बन्धित निकायले पालना गर्नुपर्ने दायित्व पनि हो।

## ५.१२. स्वास्थ्य तथा सरसफाइको अधिकार

कुसुन्डा समुदायको प्रायःजसो सबै घरमा खानेपानी र शौचालयको व्यवस्था भए पनि जमिन अभावका कारण प्युठान र गोरखाका कुसुन्डाहरूको भने अनुपयुक्त र असहज ठाँउमा शौचालय रहेको पाइयो। ३ आना जग्गामा दुइ ओटा घर हुनु ती दुई घरका लागि अव्यवस्थित तथा धराप ठाँउमा शौचालय हुँदा स्वास्थ्य सरसफाइ तथा सुरक्षाको हक तथा अधिकारबाट वञ्चित हुनु परेको पाइएको छ। दिगो विकासको एजेन्डा सन् २०३० को लक्ष्य पुरा हुन पनि यस्ता अल्पसङ्ख्यक र लोपोन्मुख समुदायको स्वच्छ खानेपानी तथा आधारभूत सरसफाइमा पहुँच पुऱ्याउनु दिगो विकास लक्ष्यको स्थानीयकरण हुनु हो।

स्वास्थ्यको अधिकार आधारभूत मानव अधिकार हो। गुणस्तरीय स्वास्थ्य सेवाको प्रवर्धन गरी सबै तहमा सर्वसुलभ सेवा प्रवाहको पहुँच पुऱ्याउन आवश्यक छ। अल्पसङ्ख्यक तथा कमजोर वर्गले बिना भेदभाव उपचार गर्न र उपचार पहुँच पाउनु पर्दछ। उपचारका लागि रकम तिर्न नसक्ने हुँदैमा उपचारबाट वञ्चित गरिनु हुँदैन। लोपोन्मुख कुसुन्डाहरूलाई विशेष स्वास्थ्य सुविधा नभएकाले बिरामी भएका बेला उपचारका लागि सरकारी तथा निजी अस्पतालमा जाने गर्दछन्। आधारभूत स्वास्थ्य सेवाहरू स्वास्थ्य संस्थाहरूबाट उपलब्ध गराइनुपर्दछ। लोपोन्मुख समुदायलाई राज्यले स्वास्थ्य लक्षित विशेष कार्यक्रम चलाउन आवश्यक छ। प्रत्येक व्यक्तिले आफ्नो व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि निर्वाध रूपमा पर्याप्त, सुरक्षित र सुलभ पानी तथा सुरक्षित

सरसफाइ सुविधा प्रयोग गर्न पाउने अधिकार नै खानेपानी र सरसफाइको अधिकार हो।

## ५.१३. आवासको अधिकार

लोपोन्मुख समूहका कुसुन्डा समुदायलाई नेपाल सरकारले जनता आवास कार्यक्रमअन्तर्गत प्रत्येक परिवारलाई एउटा घर बनाइ दिएको छ। प्रत्येक कुसुन्डालाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइरहेको छ। जसले गर्दा कुसुन्डाहरूको जीवनयापनमा केही सहज भएको देखिन्छ। यद्यपि जनता आवास कार्यक्रमले बनाएको घर पुरानो भएको र छाना चुहुने गरेको र मर्मतका लागि सरकारले वास्ता नगरी दिएकोले पानि परेको बेला सो घरमा बस्दा सुरक्षित नभएको गुनासो कुसुन्डा समुदायको रहेको पाइएको छ।

अध्ययनका क्रममा धेरैजसो कुसुन्डाहरूले एकीकृत कुसुन्डा बस्ती निर्माणका लागि जोड दिएका छन्। कुसुन्डा समुदायका अगुवाहरूको अनुसार आफ्नो भाषा तथा संस्कृतिको संरक्षणका लागि एकिकृत बस्तीको आवश्यकता रहेको देखिन्छ।

विभिन्न जिल्लामा छरिएर बसेका अल्पसङ्ख्यक एवं लोपोन्मुख कुसुन्डाहरूलाई एकै थलोमा बसाइ व्यवस्थापन गर्न केही समस्या भए पनि उनीहरू मानसिक रूपले नै एकै थलोमा बस्न चाहिरहेका छन्। पहिचान नै जोखिम पर्न थाले पछि अहिले कुसुन्डाहरू आफ्नो मौलिकता, भाषा, कला, संस्कृतिको संरक्षण गर्न एकीकृत बस्तीको माग गरिरहेका छन्। कुसुन्डा समुदायको एकिकृत बस्तीको चाहना

राख्नु उनीहरूको सामुहिक अधिकार पनि हो। यसले उनीहरूको पहिचान, भाषा, संस्कृति, कला, परम्परागत अभ्यास संरक्षणमा पनि योगदान पुग्दछ।

एकै थलोमा बसालेर कुसुन्डा समुदायको उत्थानमा ध्यान दिन उनीहरूले स्थानीय तह र केन्द्रीय सरकारसँग माग गरिरहेका छन्। एकीकृत बस्ती विकासका लागि पूर्वाधार निर्माण, स्थान पहिचान, सुरक्षित बस्ती आदिमा विशेष ध्यान दिन आवश्यक छ। बस्ती निर्माणसँगै आयआर्जन, शिक्षा, स्वास्थ्यलगायतका विषयमा पनि ध्यान दिन आवश्यक छ। एकीकृत कुसुन्डा बस्तीको विकासपश्चात कुसुन्डा समुदायको सुरक्षित तथा गुणस्तरीय आवासको अधिकार प्रत्याभुत हुने देखिन्छ।

## ५.१४. लोपोन्मुख कुसुन्डाको बसोबासको क्षेत्र

भौगोलिक दृष्टिले पश्चिमदेखि पूर्वसम्म नेपाल तीन विशेष भौगोलिक क्षेत्रमा फैलिएको छ। उत्तरमा अग्ला हिमाली पर्वत श्रृङ्खला, त्योभन्दा तल मध्य-चुरे पर्वतहरू र दक्षिणमा समथर तराई क्षेत्र रहेको छ। यी मध्ये तराइ र मध्ये-चुरे पर्वतीय क्षेत्रहरुमा कुसुन्डाहरू परापूर्वकालदेखि नै बसोबास गरिहेको आदिवासी जाति हो। कुसुन्डा उत्पत्तिको सन्दर्भमा विभिन्न मिथक र किंवदन्तीहरू छन्। लिखित इतिहासको अभावमा कुसुन्डाहरूको उत्पत्तिको स्पष्ट प्रमाण अहिलेसम्म प्राप्त हुन सकेको छैन । कुसुन्डाहरू पश्चिममा सुर्खेतदेखि पूर्वमा गोरखा र लमजुङ जिल्लासम्मको चुरे पहाडमा घुमन्ते जीवन बिताएको देखिन्छ। लमजुङमा कुसुन्डे, गोरखामा कुसुन्डे टार, स्याङजामा कुसुन्डे र प्यूठानमा कुसुन्दे गाउँको नामकरण गरिनुमा

पनि कुनै समय कुसुन्डाहरू उक्त स्थानमा पुगेको हुनु पर्दछ। कुसुन्डाहरू कुनै निश्चित ठाउँमा स्थायी रूपमा नबसी एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्ने गर्दथे।

अध्ययनको क्रममा लक्षित समूह छलफल तथा मुख्यसूचक अन्तर्वार्ताबाट प्राप्त तथ्य अनुसार लामो समय जङ्गली जीवनशैलीमा रहेको कुसुन्डा जाति विगत पाँच दसकदेखि मात्र गाउँमा बस्न थालेको पाइन्छ। गाउँले जीवनमा प्रवेश गरेको धेरै नभएकाले अझै राम्रोसँग सामाजिकीकरण भइसकेको देखिँदैन। कुसुन्डा भन्नु नै खेतीपाती र पशुपालन नगर्ने जाति भन्ने बुझिन्छ। यिनीहरू चुरे पहाडमा घुमन्ते जीवन बिताएको देखिए पनि यिनीहरूको मूल थलो एकिनसाथ भन्न सक्ने आधार भेटिएको छैन। स्वर्गीय ज्ञानीमैयाँ सेन कुसुन्डाका अनुसार कुसुन्डाहरू गुल्मीबाट एउटा समूह पूर्वतिर गयो जो पाल्पा, स्याङजा, कास्की हुँदै लमजुङसम्म पुगे पनि गोरखा र तनहुँमा बसोबास गर्दछन् भने अर्को समूह पश्चिमतिर आयो जो कपिलवस्तु, अर्घाखाँची, प्यूठान, रोल्पा, दाङ र सुर्खेत जिल्लामा बसोबास गर्दछन्। यी जिल्लाहरूमा कुसुन्डाहरू परिभ्रमण गरेको देखिन्छ। नेपाल कुसुन्डा विकास समाजका अध्यक्ष धनबहादुर कुसुन्डाका अनुसार कुसुन्डाको कुनै समय राज्य थियो। आफ्नो राज्यबाट विस्थापित भइ कुसुन्डाहरू जीवन निर्वाहका लागि घुमन्ते जीवनमा प्रवेश गरी वनवासी भएका हुन् भन्ने बुझिन्छ।

पहिले सिकार बढी हुँदा र वनजन्य खाद्यस्रोत प्रशस्त उपलब्ध हुँदा १०-१२ वर्षमा घुमिफिरी उक्त ठाउँमा आइपुग्थे। अहिले वन पातलो भएको छ। जङ्गलका फलफूल, कन्दमूल, सागपात कम

भएका छन्। जब कुसुन्डाको वनमा बस्ने सङ्ख्या घट्दै गयो र जङ्गली जीवन कठिन हुँदै गयो, त्यस पछि यिनीहरू बिस्तारै गाउँमा नै स्थायी रूपमा बस्न थाले।

हाल कुसुन्डाहरू गण्डकी प्रदेशको गोरखा र तनहुँ, लुम्बिनी प्रदेशको कपिलवस्तु, प्यूठान, रोल्पा र दाङ देउखुरी र कर्णाली प्रदेशको सुर्खेत जिल्लाको विभिन्न गाउँमा छरिएर बसोबास गरिरहेको पाइन्छ।

***तालिका नं. ७ हाल कुसुन्डा समुदाय बसोबास गरेको जिल्ला, पालिका, टोल***

| क्र. सं. | जिल्ला | पालिका | वडा नं. | टोल |
|---|---|---|---|---|
| १. | गोरखा | गोरखा न.पा. | ११ | लामीडाँडा |
| २. | तनहुँ | ब्याँस न.पा. | १० | डिहीगाउँ |
| ३. | कपिलवस्तु | वाणगङ्गा न.पा. | ६ | भाटा टोल |
| ४. | प्यूठान | ऐरावती गा.पा. | ६ | लेउँसे खोला |
| | | स्वर्गद्वारी न.पा. | २ | लिब्जा |
| | | सरूमारानी गा.पा. | ६ | सेमलगैरा |
| ५ | रोल्पा | रून्टिगढी गा.पा. | ९ | टुनिबोट |
| ६. | दाङ | घोराही उ.म.पा. | १२ | निघुवार |
| | | घोराही उ.म.पा. | १४ | मिलन चोक |
| | | घोराही उ.म.पा. | १८ | नयाँ बस्ती |
| | | | | सुपैला खुटी |
| | | | | अखबरे |
| | | तुल्सीपुर उ.म.पा. | ४ | शान्ति टोल |

| | | | | |
|---|---|---|---|---|
| | | | | हात्तीटोल |
| | | | | खाद्रे सुधार टोल |
| | | राजपुर गा.पा. | ७ | भित्री सिक्टा |
| | | | | भित्री सिक्टा खोला |
| | | गढवा गा.पा. | १ | पत्रिङ्गा |
| ७. | सुर्खेत | गुर्भाकोट न.पा. | ५ | कुर्मी |
| | | भेरीगङ्गा न.पा. | २ | रातापानी टोल |

**स्रोतः स्थलगत अध्ययन२०८१/८२**

हाल कुसुन्डा समुदाय बसोबास गरिरहेको जिल्ला र स्थानीय तहः



## ५.१५.कुसुन्डाको रहनसहन तथा बाह्य प्रभाव

भाषा आयोगद्वारा प्रकाशित "कुसुन्डा भाषाको इतिहास,२०७५" अनुसार कुसुन्डाहरूको २५/३० देखि ४०/५० जनासम्मको समुह हुन्थ्यो। समुहमा आ-आफ्नो परिवार मिलेर बस्ने गर्दथे। एउटा परिवारमा श्रीमान-श्रीमती र उनीहरूको छोराछोरीहरू बस्ने गर्दथे। मौसमअनुसार स्याउलाको छाप्रो, ओढार वा गुफामा बस्ने गर्दथे। स्याउलाको छाप्रो एक पाखे छाप्रो बनाउँथे। बेग्ला-बेग्लै परिवारका लागि अलग अलग छाप्राहरू बनाइएको हुन्थ्यो। उनीहरू आपसमा मिलेर बस्ने गर्दथे। एक ठाउँबाट अर्को ठाउँमा सर्दा जोखना हेर्थे। जोखना हेर्दा उक्त स्थान उपयुक्त देखिए मात्र बस्थे। बस्ने ठाउँ मूलको पानीलाई पायक पारिएको हुन्थ्यो। बिरामी पर्‍यो भने झाँक्री (डाङबइ)ले झारफुक गर्नुका साथै औषधिको रूपमा जडिबुटीको प्रयोग गर्थे। कुसुन्डाहरू प्रकृतिपूजक हुन् जसमा प्रकृति तथा पितृहरूको पूजा गरिन्छ। वनमा कुनै दुःख, अप्ठ्यारो नहोस् भनेर यिनीहरूले रूखको हाँगा र छेस्का काटेर वनदेवीको पूजा गर्थे। कुखुरा काटेर चढाउने गर्थे। परिवारका कुनै सदस्य बिरामी परेमा धामी-झाँक्री बसाल्ने चलन रहेको कुराको उक्त प्रकाशनमा उल्लेख गरिएको छ।

कुसुन्डाहरूको जन्मदेखि मृत्यु संस्कारसम्मका कुरा स्थानीय नेपाली गाउँले सरह नै हुने गर्दछ। बच्चा जन्मेको एघार दिनमा सुत्केरी आमा र बच्चा नुहाएर चोखिने गर्दथे र न्वारन गर्ने चलन थियो। नाम राख्न मावली बाजेलाई बोलाउने गर्दथे। बच्चा ६ वर्ष पुगे पछि मामाले भान्जाको कपाल काटिदिन्थे। कुसुन्डा जातिमा मागी विवाह

र भागी विवाह गर्ने चलन रहेको छ। विवाहका लागि मामाकी छोरी र फुपूको छोरालाई प्राथमिकता दिने चलन छ(आले, २०८०)। यद्यपि अहिले अन्य समुदायको युवतीसँग विहे गर्ने दर बढेको पाइएको छ।

एक थरको कुसुन्डाले अर्को थरको कुसुन्डाको छोरीलाई विवाह गर्दछन्। विवाहमा गोहोराको मासु लिएर जाने चलन थियो। कुसुन्डाको मृत्यु भएमा वनको छेउ वा खोलाको किनारमा गाड्ने चलन थियो। मृतकले प्रयोग गरेका भाँडाकुँडा, सिकार खेल्ने धनुकाँड, जाबी, पासो, कोदाली, सुल्पालगायतका सामग्री चिहान छेउ राखिदिने गर्थे। कसैले भान्जालाई दिने गर्थे। १३ दिनसम्म किरिया बस्ने चलन रहेको थियो। किरिया बस्नेले केश मुण्डन गर्ने र सेतो कपडा लगाउने गर्दथे। चोखिने दिन नुन मात्र पानीमा पकाएर सबैलाई बाँडेर खाने गर्दथे। उक्त दिन जाँड, रक्सी, मासु खाने चलन रहेको छ। बरखी भने नबार्ने र बसेको ठाउँमा कोही मरेमा अर्को ठाउँमा बसाइसराइ गर्दथे (आले, २०८०)।

कुसुन्डालाई नेपालको एक अनौठौ आदिवासी रूपमा हेर्ने गरिन्छ। कुसुन्डाहरू खरले छाएको घरमा बस्दैनथे, कुचोलाई कुल्चेमा ढोग्ने गर्दथे, गाउँमा रात बस्दैनथे, गाई, भैंसीको दुध, दही घिउ खाँदैनथे र गोबरलाई कुनै पनि काममा प्रयोग गर्दैनथे। वनमा बस्ने भए पनि कुसुन्डाहरूको समाज व्यवस्थित र संगठित हुने गर्दथ्यो। मुखिया (मुङ)ले नै सबैलाई अनुशासन र नियन्त्रणमा राख्नुका साथै न्याय निसाफ दिने गर्दथे। मुखियाको निर्देशनमा कुसुन्डा समूह परिचालित हुने गर्दथ्यो। कुसुन्डाहरू गाउँमा बस्ने

थाले पछि मुखिया प्रथा प्रचलन हराएको देखिन्छ। कुसुन्डाहरूको गाउँलेसँग मित लगाउने चलन थियो। अन्य जातजातिसँग यिनीहरूको राम्रो सम्बन्ध रहने गर्दथ्यो। त्यसैले कुसुन्डा भाषामा विभिन्न जातिलाई बुझाउने छुट्टाछुट्टै कुसुन्डा मौलिक शब्दहरू पाइन्छन्।

जङ्गलमा बस्दा जीवन निर्वाह गर्न कठिन हुँदै गएपछि अलग-अलग समूहमा छरिएर विभिन्न गाउँमा कुसुन्डाहरू बस्न थाले। गाउँलेसँग मित्रता भएपछि गाउँमै बस्न थाले र गाउँलेको काम गर्न थाले। आफ्नो समुदायमा विवाह गर्ने युवा-युवतीको कमी भए पछि अन्य समुदायसँग विवाह गरेर गाउँमा बस्न थाले। गाउँमा बस्नथालेसंगै बिस्तारै गाउँलेहरूसँग सामाजिक रितिरिवाजहरुमा सहभागि हुने,विहेवारी तथा सामाजिक सम्बन्धमा समावेश हुन थालेको पाइन्छ। कुसुन्डाहरूको बाहुन, क्षेत्री, मगर, कुमाल, विश्वकर्मा आदिसँग अन्तर्जातीय विवाह गरेको पाइन्छ। अन्तर्जातीय विवाहका कारण वनमैयाँहरू र वनराजाहरू रक्तमिश्रित हुँदै गएको र यिनीहरूको भाषा, संस्कृति, परम्परा, चालचलन, ज्ञान र सीप हराउँदै गएका भन्ने कुसुन्डा अगुवाहरुको भनाइ रहेको पाइन्छ। कुसुन्डा समुदायका मानिसहरु आधुनिकतातर्फ उन्मुख देखिएसँगै कुसुन्डा समुदायको रहनसहन अवस्था पनि फेरिएको पाइन्छ।

विकासको गति, सामाजिकीकरण, वन विनास, अन्तर्जातीय विवाह, छरिएको बसाइँ आदिका कारण कुसुन्डा समुदायको चालचलन, रहनसहन, संस्कार, संस्कृति लोप हुँदै गएको देखिन्छ। यस समुदायले आफ्नो मौलिकतालाई क्रमशः त्यागी समाजमा सम्मिलित हुँदै

गाउँले जीवनमा प्रवेश गरी सामाजिक गतिविधिमा सहभागी हुन थालेका पाइन्छ। गाउँलेसँगको निरन्तर सम्पर्कले गर्दा यिनीहरूको जीवनमा आधुनिक जीवनशैलीका धेरै कुराहरू भित्रिदै गएको पाइन्छ। अन्य संस्कृति र शहरीकरणको प्रभावले यिनीहरूको संस्कृति लोप हुँदै गइरहेको देखिन्छ। यो जातिमा मानव जातिकै प्रतिनिधित्व गर्ने संस्कार थियो जो हाल हराउँदै गएको अवस्था देखिन्छ।

भौतिक संस्कृतिका रूपमा कुसुन्डाका वस्तुहरू सीमित भएका देखिन्छ। हतियारहरूमा धनुकाँड, तरूल खन्ने खोदाली, दाउरा काट्ने खुर्पा, छुरी र सामान बोक्ने जाबी रहेको पाइन्छ। हाल समयअनुसार बनेका नयाँ-नयाँ वस्तुहरूको प्रयोग गर्न थालेको र उनीहरूको जीवनमा आधुनिक सभ्यता र सुविधाप्रतिको आकर्षण बढ्दै गइरहेको देखिन्छ। विकास निर्माणका कार्यहरू, सञ्चार र यातायातका साधनहरूले छरिएका कुसुन्डाहरू एक-अर्काको सम्पर्कमा आउन थालेको पाइन्छ। हिंजोसम्म दुध, दही, घिउ नखाने र खरले छाएको घरमा नबस्ने कुसुन्डा समुदायका मानिसहरूले आजभोली जीवनयापनका लागि पशुपालन र खेती गर्न थालेको पाइन्छ। नयाँ पुस्ताका कुसुन्डाहरू विद्यालय जान थालेको र आत्मनिर्भर बन्न सीपमुलक तालिममा अग्रसर हुन थालेको पनि पाइन्छ।

कुसुन्डा समुदायका मानिसहरु परम्परागत जीवनशैलीबाट आधुनिक्तातर्फ फड्को मार्दा उनीहरुको मौलिक भाषा संस्कृति हराउनु भनेको त्यस जातिले आफ्नो चिनारी गुमाउनु हो। छरिएर गाउँमा बस्न थालेपश्चात कुसुन्डाहरूको प्रथाजनित अभ्यास र ज्ञान

हराउँदै गएको छ। कुसुन्डा समुदायको परम्परागत सकारात्मक प्रचलनहरूको संरक्षण गर्नु राज्यको दायित्व हो। यसमा सबै सरोकारवाला निकायको ध्यान जान आवश्यक देखिन्छ।

# अध्याय छ
# निष्कर्ष र सिफारिस

## ६.१. निष्कर्ष

कुसुन्डा समुदाय अल्पसङ्ख्यक र लोपोन्मुख आदिवासी जनजाति हो। लुम्बिनी प्रदेश, वाग्मती प्रदेश, कर्णाली प्रदेश र गण्डकी प्रदेशका केही जिल्लामा उनीहरू बसोबास गर्ने गरेको देखिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुसुन्डा जातिको कुल जनसङ्ख्या पुरूष ११५ र महिला १३८ गरी २५३ जना रहेको छ। जसमध्ये वाग्मती प्रदेशमा पुरूष ३७ र महिला ३५ गरी ७२ जना, गण्डकी प्रदेशमा पुरूष १६ र महिला २८ गरी ४४ जना, लुम्बिनी प्रदेशमा पुरूष ४५ र महिला ५९ गरी १०४ जना र कर्णाली प्रदेशमा १८ जना कुसुन्डा समुदायका व्यक्तिहरु रहेको देखिन्छ। यो अध्ययन गर्दा १७० जना कुसुन्डा समुदायकका व्यक्तिहरु रहेको पाइएको छ। जनसङ्ख्या र भाषिक दृष्टिले दाङ जिल्लालाई केन्द्रको रूपमा लिन सकिन्छ।

आफुलाई वनको राजा मान्ने कुसुन्डाहरू घुमन्ते फिरन्ते जीवनशैली त्याग गरी आधुनिक बसोबासको शैली अपनाउने क्रम तिव्र रहेको पाइएको छ। कुसुन्डा समुदायका नागरिकहरू जातीय अस्तित्व र सामुदायिक सामुहिक पहिचानमा सचेतना जागृत भएको देखिन्छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा उनीहरूको सामुहिक संस्थागत विकास आरम्भ भएको

देखिन्छ। सरकारको सामाजिक सुरक्षा भत्ताले उनीहरूको जीविकोपार्जनमा सहयोग पुगेको देखिन्छ।

विभिन्न कारणले गर्दा उनीहरूको पहिचान, भाषा र संस्कृति सङ्कटपूर्ण अवस्थामा पुगेको पाइएको छ। मातृभाषा बोल्ने सक्रिय वक्ता थोरै मात्र बाँकी रहेकाले भाषिक पुस्तान्तरणमा निरन्तरता दिन कठिन भइरहेको देखिन्छ । कुसुन्डा भाषा बोल्न सक्ने एकजना मात्र पूर्ण वक्ताका रूपमा कमला सेन कुसुन्डा रहेको देखिन्छ। तर उनी पनि घरपरिवारमा नेपाली भाषा नै प्रयोग गर्दछिन। व्यवहारिक प्रयोगका दृष्टिले कुसुन्डा भाषाको अवस्था शुन्य देखिन्छ। कुसन्डा समुदायमा भाषा संरक्षणको भाषिक चेतना भने रहेको देखिन्छ। यद्यपि राज्यका निकायको सीमित प्रयासले मात्र भाषाको अस्तित्व जोगाउन कठिन रहेको पाइएको छ। नेपालको संविधानले नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाका रूपमा मान्यता दिँदै प्रत्येक भाषिक समुदायले आफ्नो भाषा, लिपि र संस्कृतिको विकास गर्न पाउने अधिकार सुनिश्चित गरेको छ। लोपोन्मुख कुसुन्डा जाति, मृत्युन्मुख कुसुन्डा भाषा र संस्कृति भर्खर मात्र चासोको विषय बनेको देखिन्छ।

आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि, १९८९ (नं.१६९) को धारा १३ अनुसार आदिवासी जनजातिको सामुहिक पक्षसँग भूमिको विशेष महत्व राख्दछ । तर कुसुन्डा समुदायसँग अत्यन्त न्यून भूमिमा स्वामित्व रहेको छ । उनीहरूको परम्परागत सामुहिक भूस्वामित्व आधुनिक राज्य व्यवस्थामा अस्तित्वमा देखिन्न । एकाध बाहेक अधिकांश कुसुन्डाहरू ऐलानी र

वनको जग्गामा बसोबास गरिरहेका छन्। यो समुदायले भूमि र परम्परागत वनजंगलको उपभोगमा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ र जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ पनि समुचित कार्यान्वयन भएको मान्ने अवस्था देखिँदैन। भूस्वामित्वको अभावमा गरिबी, खानेपानी, स्वास्थ्य, सरसफाइ, आवास आदिमा समस्या भोगिरहेको देखिन्छ।

हालसम्म दुई जना कुसुन्डा समुदायका नागरिक स्थानीय तहको जनप्रतिनिधिको रूपमा राजनीतिक सहभागिता जनाइएको पाइएको छ। औपचारिक शिक्षामा कुसुन्डा समुदाय अग्रसर भएको देखिन्छ। नयाँ पुस्ताका कुसुन्डाहरू औपचारिक शिक्षा हासिल गर्न थालेका छन्। हाल केही कुसुन्डा विद्यार्थीले स्नातक तह पूरा गर्दैछन्। हाल कुसुन्डा समुदायमा शिशु कक्षादेखि स्नातक तहसम्म ५९ जना बालबालिकाहरू अध्ययन गरिरहेका छन्। एकजना कुसुन्डा युवा सशस्त्र प्रहरीमा पनि कार्यरत रहेको पाइएको छ। तनहुँ जिल्लामा एक घर परिवार रहेको कुसुन्डाको लागि व्यास नगरपालिकाले नगरपालिकामा नै रोजगारी प्रदान गरी सामाजिक सुरक्षाको उच्चतम नमुना प्रस्तुत गरेको पाइन्छ। यसलाइ अन्यत्र पनि असल अभ्यासको रूपमा लिनु पर्ने देखिन्छ। जसले नेपालको संविधानको धारा ४२ उपधारा २ ले लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षामा विशेष अवसर र लाभ पाउने सामाजिक न्यायको मौलिक हक प्रत्याभूति गर्न गराउन टेवा पुग्दछ।

कुसुन्डा समुदायको प्रतिनिधिमुलक संस्थाले एकिकृत बस्ती विकासमार्फत सामुहिक बसोबास गर्ने चाहना राखेका छन्। उनीहरूको सामुदायिक सामुहिक पहिचान, भाषा, संस्कृति आदि संरक्षणका लागि राज्यले सामुहिक बसोबासको कार्यक्रम उनीहरूको पूर्वसुसूचित सहमतिमा तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

समग्रमा हेर्दा कुसुण्डा समुदाय अझै पनि आफ्नो अस्तित्व, पहिचान, भाषा र संस्कृति जोगाउने संघर्षमा छ। भूमिस्वामित्वको कमी, स्थायी आवासको अभाव, रोजगारी अवसरको न्यूनता, खाद्य र पोषण सुरक्षाको कमी, स्वास्थ्य सेवामा सीमित पहुँच, र शिक्षा क्षेत्रमा मातृभाषा शिक्षाको उपलब्धता नहुनुले उनीहरूको जीवनयापनलाई चुनौतीपूर्ण बनाएको छ। सामाजिक रूपमा कुसुण्डा समुदाय अझै पनि बहिष्करण र विभेदको सिकार भएकाछन्। महिलाहरूको अवस्था अझ बढी असमान छ, उनीहरू शिक्षा, रोजगारी, स्वास्थ्य र सहभागिताका सीमित अवसरमा मात्र निर्भर छन् । यी सवालहरू प्रत्यक्ष रूपमा उनीहरूको मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन सँग अन्तरसम्बन्धित छन्।

गरिबी निवारण, खाद्य सुरक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी तथा सरसफाइ, रोजगारी, गुणस्तरीय आवास जस्ता दिगो विकासका लक्ष्यहरू यी कुसुन्डा समुदायको सन्दर्भमा पर्याप्त रूपमा स्थानीयकरण हुन सकेको अवस्था छैन। अल्पसङ्ख्यक र लोपोन्मुख समुदायका लागि विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्रमा प्राप्त सुझाव, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी

अन्तर्राष्ट्रिय महासन्धि, १९६६, नेपालको संविधान, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, आदिवासी जनजाति आयोग ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आवासको अधिकारसम्बन्धी ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ आदिले परिभाषित भूमिका र दायित्वप्रति सर्वपक्षीय भूमिका अत्यावश्यक देखिन्छ। मौलिक हक कार्यान्वयन गर्न बनेको ऐनको कार्यान्वयन गर्न जरूरी देखिन्छ। सरकारका तीनै तह र अन्य सरोकारवालाहरूको समेत सार्थक पहल र प्रयासमा मात्र यो समुदायको मानवअधिकार संरक्षणले मूर्त रूप लिन सक्दछ।

## ६.२. सिफारिस

यस अध्ययनका सिलसिलामा प्राप्त तथ्यहरु सो को विश्लेषण र निष्कर्ष समेतका आधारमा संघीय सरकार,प्रदेश सरकार, स्थानीय तह र नागरिक समाज तथा अन्य सरोकारवाला निकायलाई देहाय बमोजिम सिफारिसहरु प्रस्तुत गरिएको छ।

### १. संघीय सरकार

- कुसुन्डा समुदायलगायत लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि एकिकृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न/गराउन।
- कुसुन्डा समुदायका लागि उनीहरूको स्वतन्त्र पुर्वसुसूचित सहमतिमा एकिकृत बस्ती विकास गरी सामुहिक बसोबासको प्रबन्ध गर्न/गराउन।

- दाङ जिल्ला लमही नगरपालिका वडा नं. ४, अर्नवा बसोबास गर्ने आफुलाई कुसुन्डा दावी गरिरहेका तर नागरिकतामा कुमाल थर कायम भएका नागरिकहरूको जातीय पहिचान सम्बन्धमा उनीहरू समेतको सहभागितामा अध्ययन गरी उनीहरूको पहिचान एकिन गरी सोही अनुसारको जातीय पहिचान कायम गर्न/ गराउन।
- परम्परागतरूपमा उपभोग भइरहेको घर, कुसुन्डा समुदायले चर्चेको जग्गाको भोगाधिकार तथा स्वामित्व कायम गर्नका लागि आवश्यक कार्य गर्न/ गराउन।
- कसुन्डा समुदायको भाषा संरक्षण गर्न तथा उनीहरूको संस्कृतिको प्रवर्धन तथा संरक्षणका प्रयासलाई सुदृढिकरण गर्न/गराउन।
- कुसुन्डा समुदायको शिक्षा स्वास्थ्य रोजगारीको अधिकारमा विशेष रूपमा ध्यान दिई आर्थिक सवलीकरणका लागि कार्य गर्न/गराउन।
- लोपोन्मुख अवस्थामा रहेका कुसुन्डा समुदायको संरक्षणको निम्ति एकिकृत बस्तीको विकास गर्न/गराउन।

## २. प्रदेश सरकार

- अधिकारमा आधारित वन व्यवस्थापन प्रणालीको विकास गर्न/गराउन।
- कुसुन्डा समुदायका युवायुवतीलाई प्राविधिक शिक्षा, व्यावसायिक र सीपमूलक तालिम तथा र रोजगारीका अवसर सिर्जना गर्न/ गराउन।

- कुसुन्डा समुदायको संरक्षणका लागि विशेष व्यवस्था गर्न/गराउन।
- लोपोन्मुख अवस्थामा रहेका कुसुन्डा समुदायको संरक्षणको निम्ति एकिकृत बस्तीको विकास गर्न/गराउन।

## ३. स्थानीय तह

- कुसुन्डा भाषा संरक्षणका लागि सो समुदायका बालवालिकालाई विद्यालय तहदेखि नै कुसुण्डा भाषामा शिक्षा दिने व्यवस्था गर्न/गराउन।
- कुसुन्डा समुदायको सांस्कृतिक पहिचान, मौखिक इतिहास, परम्परागत ज्ञान अभिलेखीकरण गरी अन्य समुदायमा प्रवर्धन गर्न/गराउन।
- कुसुन्डा समुदायका विद्यार्थीलाई विशेष छात्रवृत्ति तथा आवासीय अध्यापनको व्यवस्था गर्न/गराउन।
- कुसुन्डा समुदायका युवायुवतीलाई प्राविधिक शिक्षा व्यवसाय र सीपमूलक तालिम, र रोजगारीका अवसर सिर्जना, स्टार्ट अप अनुदानको व्यवस्था गर्न/गराउन।
- प्राथमिक स्वास्थ्य सेवा, पोषण र सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्न/गराउन।
- कुसुन्डा समुदायका महिला र बालबालिकालाई लक्षित विशेष कार्यक्रम सञ्चालन गर्न/गराउन।
- सामाजिक सुरक्षा भत्तालाई उत्पादन क्षेत्रमा परिचालनका लागि वित्तीय अभिमूखीकरण कार्यक्रम गर्न/ गराउन।

- कुसुन्डा समुदायलाई सम्पतीको अधिकारमा पहुँच स्थापीत गर्दै उनीहरूले भोगचलन गरीरहेको जग्गा जमिनको स्वामित्वका लागि आवश्यक कार्य गर्न/गराउन।
- लोपोन्मुख अवस्थामा रहेका कुसुन्डा समुदायको संरक्षणको निम्ति एकिकृत बस्तीको विकास गर्न।

**४. नागरिक समाज तथा अन्य संघसंस्थाः**

- कुसुन्डा समुदायको संरक्षणका लागि उनीहरूलाई सिपमूलक कार्यक्रममा सहभागिता गराउन।
- कुसुन्डा समुदायको संरक्षणका लागि उनीहरूको स्वतन्त्र पुर्व-सुसूचित सहमतिमा एकिकृत बस्ती विकास गरी सामुहिक बसोबासको प्रबन्धका लागि आवश्यक पहल गर्न।

# अनुसूची

## अनुसूची १ अध्ययन टोली

नवराज सापकोटा- सहसचिव, राष्ट्रिय मानव अधिकार आयोग
लोकनाथ वास्तोला- उपसचिव, राष्ट्रिय मानव अधिकार आयोग
सुमित्रादेवी राई-मानव अधिकार अधिकृत,आयोग
किरणकुमार बराम- मानव अधिकार अधिकृत,आयोग
हिरासिंह थापा- सोसेक नेपाल
उदयराज आले- विषय विज्ञ
दोर्ण जि.सी.- सोसेक नेपाल
शशी पाण्डे -सोसेक नेपाल
हिमा कुसुन्डा- सोसेक नेपाल

## अनुसूची २ तस्विरहरुः




**तनहुँ जिल्ला व्यास न.पा.मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान द्वारा निर्मित स्व. राजामामा कुसुन्डा निवास**



कुसुन्डा भाषा कक्षाका दृष्य, तस्विरः उदयराज आले



कुसुन्डा भाषा वक्ताहरु स्वर्गीय ज्ञानीमैया सेन कुसुन्डा र कमला सेन, तस्विरः उदयराज आले

# सन्दर्भ सामग्री

## नेपाली

**आले, उदयराज, (२०७९).** कुसुन्डा भाषाको भाषिक विवरण. भाषालोक (अनुसन्धानमूलक पत्रिका). सं. प्रा.डा. भूपप्रसाद धमला. भाषा आयोग, काठमाडौं, पृ. १९५-२०६ ।

**आले,उदयराज र टिम बोड्ट, (२०७९).** कुसुन्डाको चित्रकथा. लेखक, लमही, दाङ ।

**आले, उदयराज,(२०७८ क).** कुसुन्डा गिपन (कुसुन्डा भाषा कक्षा) आधारभूत पाठ्यसामग्री-२०७८. भाषा आयोग, काठमाडौं।

**आले,उदयराज, (सन् २०२१).** सोजाक. लेखक, काठमाडौं ।

**आले, उदयराज, (२०७८ ख).** कुसुन्डा गिपन (कुसुन्डा भाषा कक्षा) आधारभूत पाठ्यसामग्री-२०७८. भाषा आयोग, काठमाडौं।

**आले,उदयराज, (२०७४).** कुसुन्डा जाति र शब्दकोश. लेखक, घोराही. दाङ ।

**आले,उदय. (२०७१),** कुसुण्डाको जातीय चिनारी. आदिवासी जर्नल (सं. छविलाल कोपिला), नेपाल आदिवासी जनजाति महासंघ, चैलाही गा.वि.स. परिषद, लमही देउखुरी, पृ. ११-२३ ।

**आले, उदय, (२०६९,** कार्तिक, १८). कुसुण्डाको जातिको खोजिमा भौतारिदा. नयाँ युगवोध राष्ट्रिय दैनिक, दाङ ।

**काइँला,वैरागी, (२०६१).** हज्सन पाण्डुलिपिमा कुसुण्डा भाषा, गरिमा वर्ष २३. अङ्क ३. पूर्णाङ्क २६७. ललितपुरः साझा प्रकाशन छापाखाना, पृ. ८८-९८ ।

**थापा, धर्मराज, (वि.सं. २०३०).** गुरूङ जातिको घाटु. गण्डकीका सुसेली. नेपाल राजकीय प्रज्ञा—प्रतिष्ठान, काठमाडौं, पृ. १५-५८ ।

**नेपाली वृहत् शब्दकोश, (२०६७).** नेपाल प्रज्ञा-प्रतिष्ठान. कमलादी, काठमाडौं ।

**पोखरेल, माधवप्रसाद, (२०७२).** कुसुन्डा जातिको लोकाचार. नेपाली लोकवार्ता भाग २, पृ. ३२८-३३२ ।

**पोखरेल, डा. माधवप्रसाद, (२०६९).** कुसुण्डा भाषाका अन्तिम वक्ताको खोजी. रचना. वर्ष ५, पू. ११८, काठमाडौं, पृ. २५—२७ ।

**बन्धु, डा. चुडामणि, (२०६९).** वन राजा र तिनका भाषाबारे. मिर्मिरे ३०८, पृ. ४(१८ ।

**बिष्ट, डोरबहादुर, (२०६४).** हामी चेपाङ, सबै जातको फूलबारी. साझा प्रकाशनको छापाखाना, ललितपुर, पृ. ६७(७१ ।

**राइ, गणेश, (२०७९, श्रावण, २९).** नेपाली वृहत् शब्दकोशमै अनर्थ: थरमा अपमान. कान्तिपुर राष्ट्रिय दैनिक । https://ekantipur.com/news/2022/08/14/16604380191382207.html

**रेग्मी, डा. दानराज, (२०७०).** नेपालको वर्तमान भाषिक स्थिति. गरिमा. वर्ष ३१. अङ्क १२. पूर्णाङ्क ३७२. ललितपुर: साझा प्रकाशन छापाखाना, पृ. ११४-१२१

**कार्यपत्र**, अन्तर्राष्ट्रिय मातृभाषा दिवसको उपलक्ष्यमा आदिवासी जनजाति साहित्यकार-लेखक महासंघ, दक्षिण कोरियाद्वारा आयोजित कार्यक्रम फेब्रुअरी १९, २०२४ मा प्रस्तुत

# अंग्रेजी

**Aaley, Uday Raj and Timotheus A. Bodt. 2020b.** New Kusunda data: A list of 250 concepts. In Johann-Mattis List (ed.) *Computer-assisted language comparison in practice - Tutorials on computational approaches to the history and diversity of languages. Volume 3.* Jena: Department of Linguistic and Cultural Evolution, Max-Planck Institute for the Science of Human History. https://hcommons.org/deposits/item/hc:39671/

**Aaley, Uday Raj and Bodt, Timotheus Adrianus. 2019**. Kusunda 250 Word List Audio Files (Version 1.1). Deposited at \url{http://doi.org/10.5281/zenodo.3377537} (accessed 2020-04-08). 21 pp.

**Aaley, Uday Raj and Timotheus Adrianus Bodt. 2019.** *New data on Kusunda.* Humanities Commons. DOI: http://dx.doi.org/10.17613/1zy2-k376

**Aaley, Uday Raj. 2016. Kusunda** : An Endangered Tribe and Language. *Jakhera*. Nepal Auto Mechanics Trade Union. Dang. 187-191 pp.

**Chaudhary, Sanjib. 2017,** August, 16. Indigenous Nepali Language With Only Two Fluent Speakers Sees Pages of Hope in Newly Launched Dictionary. globalvoices.org. https://globalvoices.org/2017/08/16/indigenous-nepali-language-with-only-two-fluent-speakers-sees-pages-of-hope--in-newly-launched-dictionary/

**Donohue, Mark and Bhojraj Gautam. 2013**. Evidence and Stance in Kusunda. *Nepalese Linguistics*. Vol. 28, Linguistic Society of Nepal. Kirtipur, Nepal. 38-47 pp.

**Eppele, John W., M. Paul Lewis, Dan Raj Regmi, and Yogendra P. Yadava (eds.). 2012.** Ethnologue: Languages of Nepal. Kathmandu: SIL International and Central Department of Linguistics, Tribhuvan University. 133-34 pp.

**Forbes, C. J. F. 1877.** Affinities of the dialects of the Chepang and Kusundah tribes of Nipál with those of the hill tribes of Arracan. Journal of the Royal Asiatic Society IX. 421-424.

**Gautam, Bhoj Raj and Mark Donohue. 2014**. Deixis in Kusunda. Nepalese Linguistics, Vol. 29, Linguistic Society of Nepal, 152-157 pp.

**Gurung, Raj Kumar. 2070 B.S**. A Popular Ghâptu Tragic Folk Dance in Gurung. *Shodmala Journal of Magar Studies Centre.* ed. by Min Shrees. Vol. 7. No. 2. Kathmandu. 82-93 pp.

**Hodgson, B. H. 1857.** Comparative Vocabulary of the Languages of the broken Tribes of Nepal. *Journal of the Asiatic Society of Bengal*. Nov. V.

**Hodgson, B. H. 1857**. On the Chepang and Kusunda Tribes of Nepal. *Journal of the Asiatic Society of Bengal*.

National Population Housing Census 2021 National Report on Caste/ethnicity, Language and Religion. 2023. National Statistics Office, Kathmandu, Nepal.

**Rana, B. K. 2002.** *New Materials on Kusunda Language*. Paper presented at the Fourth Harvard Roundtable on the Ethnogenesis of South and Central Asia, Harvard University, Cambridge MA, U.S.A. May 11-13.

**Rana, B. K. 2001**. A short note on Kusunda language. *Janajati*. Vol. 2, No. 4, Journal of Nationalities of Nepal, Kathmandu.

**Rana, B. K. 2000,** April, 16. Writing on a Dead Language. The Kathmandu Post.

**Reinhard, Johan. 1968.** The Kusunda: Ethnographic Note on a Hunting Tribe of Nepal. *Bulletin of the International Committee on Urgent Anthropological and Ethnological Research*. 10: 95- 110, Vienna.

**Reinhard, Johan. 1976**. The Ban Rajas- A Vanishing Himalayan Tribe. *Contribution to Nepalese Studies*. Vol. 4 (1): 1- 22, Kathmandu. (To be republished in *Language Isolate,* Stefan Georg (ed.), Routledge, London, 2014).

**Reinhard, Johan G. 1977. Kusunda (Nepal)-** Construction of a Lean-to during Hunting. *Publications to Scientific Films of the Institute for Scientific Film* Series 7 (39), 7 pp., Göttingen.

**Reinhard, Johan G. 1977. Kusunda (Nepal**)- Consecration of Hunting Equipment. *Publications to Scientific Films of the Institute for Scientific Film* Series 7 (40), 7 pp., Göttingen.

**Toba, Sueyoshi. 2057 B.S**. Kusunda Wordlists Viewed Diachronically. *Journal of Nationalities of Nepal*. ed. Dr. Chaitanya Subba. National Nationalities Development Committee. Year 2. Vol. 3. Issue 5. Kathmandu. 87-91 pp.

**von Nebesky-Wojkowitz. Rene. 1959**. Kusunda and Chepang: Notes on Two Little-Known Tribes of Nepal. *Bulletin of the International Committee on Urgent Anthropological and Ethnological Research.* No. 2. Vienna. 77-84 pp.

**Watters, David E., with Yogendra P. Yadav, Madhav P. Pokharel, and Balaram Prasain 2006**. *Notes on Kusunda grammar (a language isolate of Nepal)*, Himalayan Linguistics. http://www.uwm.edu/Dept/CIE/HimalayanLinguistics/

**Whitehouse, Paul and Timothy Usher, Merritt Ruhlen, William S. -Y. Wang. 2004**. *Kusunda: An Indo-Pacific Language in Nepal*. Proceedings of the National Academy of Sciences, Vol. 101, No. 15.

# आयोगका कार्यालयहरु



केन्दीय कार्यालय - १

प्रदेश कार्यालय - ७

प्रदेश शाखा कार्यालय - ३